श्रोत : नयाँ पत्रिका, २०७६/११/२९

# भारतीय ऊर्जासचिवलाई पुनको प्रश्न : भारतको विद्युत् हामी किनिरहेका छौँ, भारतले किन नकिन्ने ?

ऊजा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले नेपालले उत्पादन गरेको विद्युत् भारतले किन्ने व्यवस्था तत्काल गर्न भारतीय ऊर्जासचिवसँग आग्रह गरेका छन्। नेपाल विद्युत् प्राधिकरण र भारतीय केन्द्रीय विद्युत् प्राधिकरण (सिइए) बीच विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर भइसके पनि त्यहाँको ऊर्जा मन्त्रालयले विद्युत् व्यापारमा सहमति दिन ढिलाइ गरेका कारण भारतले नेपालको विद्युत् खरिद गर्ने गरेको छैन। दुई देशका प्राधिकरणबीच भएको सम्झौताअनुसार ऊर्जा व्यापारको बाटो खोलिदिन मन्त्री पुनले भारतका ऊर्जासचिव सञ्जीवनन्दन (एसएन) सहायसँग आग्रह गरेका हुन्।

'अहिले हामी भारतबाट विद्युत् खरिद गरिरहेका छौँ,' सिंहदरबारस्थित मन्त्रालयमा सचिव सहायसँग बुधबार भएको भेटमा मन्त्री पुनले भने, 'अब हामी भारतमा बिजुली निर्यात गर्न सक्ने भएका छौँ। त्यसका लागि जारी प्रक्रियाले गति लेओस् भन्ने चाहन्छौँ।' जवाफमा सचिव सहायले दुई प्राधिकरणबीचको सम्झौतालाई छिटै स्वीकृति दिने प्रतिबद्धता जनाए।

मन्त्री पुनले बुटवल–गोरखपुर ४ सय केभी अन्तरदेशीय ट्रान्समिसन लाइन निर्माणका लागि संयुक्त कम्पनी गठनबारे यसअघि दुई देशबीच पटक–पटक छलफल र सहमति भएको स्मरण गराउँदै उक्त काम छिटै सक्नुपर्नेमा जोड दिए। यस्तै, मन्त्री पुनले भारत सरकार र भारतीय कम्पनीलाई नेपालको जलविद्युत् क्षेत्रमा थप लगानीका लागि समेत अपिल गरे।

भारतीय ऊर्जासचिव सहायले विद्युत् व्यापार सम्झौता र अन्तरदेशीय प्रसारण लाइन निर्माणको काम छिटै अगाडि बढ्ने बताए। अरुण तेस्रो जलविद्युत् आयोजनाको काम अगाडि बढाउन नेपाल सरकार र ऊर्जा मन्त्रालयले राम्रो सहजीकरण गरेको भन्दै सचिव सहायले प्रशंसासमेत गरेका थिए।

श्रोत : नागरिक, २०७६/११/२९

# ठूला नदीको स्वामित्व संघमा मझौला प्रदेश र साना स्थानीय तहमा

काठमाडौं - ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार पारेको जलस्रोत नीतिको मस्यौदामा तीनवटै सरकारबीच जलस्रोतको स्वामित्व र क्षेत्राधिकार बाँडफाँड गरिने भएको छ। मन्त्रालयले तयार पारेको प्रस्तावित नीतिमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच जलस्रोतको स्वामित्व र क्षेत्राधिकार स्पष्ट ढंगले किटान गर्ने गरी मस्यौदा तयार पारेको जनाएको छ।

प्रस्तावित जलस्रोत नीतिको मस्यौदामा ठूला नदी तथा स्रोत संघीय सरकार मातहत, मझौला खालका नदी र स्रोत प्रदेश सरकार र साना नदी र स्रोत स्थानीय सरकार मातहत हुने नीतिमा उल्लेख गरिएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले जलस्रोत नीतिको मस्यौदा एक साताभित्रै मन्त्रीपरिषद्मा लैजाने बताएका छन्। ‘जलस्रोत नीति आफैंमा गम्भीर र संवेदनशील विषय हो,’ मन्त्री पुनले भने, ‘जरुरी पर्दा फेरि परिमार्जन गरौंला। अब एक साताभित्र मस्यौदालाई अन्तिम रुप दिएर मन्त्रिपरिषदमा लैजान्छु।’ मन्त्री पुनले मस्यौदाको प्राविधिक र भाषागत पक्ष सच्याएर छिट्टै मन्त्रिपरिषदबाट पारित गराइने बताए। ‘आवश्यक परेको खण्डमा नीतिमा केही फेरबदल गर्न सकिन्छ,’ उनले भने, ‘संघको जलस्रोत नीतिका आधारमा प्रदेश र स्थानीय सरकारले नीति बनाउनुपर्ने भएकाले योे नीति छिट्टै पारित हुनेछ।’

मन्त्रालयद्धारा प्रस्तावित नीतिमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच जलस्रोतको स्वामित्व र क्षेत्राधिकार स्पष्ट ढंगले किटान गर्ने गरी मस्यौदा तयार पारेको जनाएको छ।

मन्त्रालयद्वारा प्रस्तावित जलस्रोत नीतिमा अन्तर्राष्ट्रिय तथा सिमा नदीहरु, ठूला प्रकृतिका नदी, ताल तलैया तथा सिमसार क्षेत्रहरु र एकभन्दा बढी प्रदेश भएर बग्ने नदीहरुको स्वामित्व संघीय सरकार मातहत प्रस्ताव गरिएको छ। प्रदेश सरकार मातहत मझौला

प्रकृतिका नदी, ताल, तलैया तथा सिमसार क्षेत्रहरु तथा एकभन्दा बढी स्थानीय तहहरु भएर बग्ने नदीहरु रहनेछन्। यस्तै साना प्रकृतिका नदी, ताल तलैया तथा सिमसार क्षेत्र स्थानीय सरकार मातहत रहने व्यवस्था नीतिमा प्रस्ताव गरिएको छ। तराई क्षेत्रको भूमिगत जलस्रोत तीनै तहको सरकारको साझा स्वामित्वमा रहने तथा पहाड र भित्री मधेसको भूमिगत जलस्रोत प्रदेश र स्थानीय सरकारको संयुक्त मातहतमा रहने पनि नीतिले परिकल्पना गरेको छ। जलस्रोतको क्षेत्रमा केन्द्रीय र प्रादेशिक सरकारहरुबीच आपसी समन्वय र सहकार्य  गर्ने तथा उठेका विवाद समाधान गर्न दुवै सरकारका मन्त्री र सचिव स्तरीय समिति गठन हुने भएको छ।

संविधानले व्यवस्था गरे बमोजिम जलस्रोतको व्यवसायिक उपयोगबाट प्राप्त हुने आम्दानी कानून बमोजिम सम्बन्धित निकाय तथा समुदायबीच वितरण गर्ने पनि नीतिले स्पष्ट गरेको छ। केन्द्र, प्रदेश तथा स्थानीय सरकारको साझा सूचीमा रहेको अधिकार प्रयोग गर्दा विवाद भए सोको समाधानका लागि केन्द्र र प्रदेशका मन्त्री तथा सचिवस्तरीय संयन्त्रमा विवाद भएको स्थानीय तहका प्रमुखसमेत आमन्तित्र गरिनेछन्। यस्तै विद्यालयदेखि विश्वविद्यालयसम्म जलस्रोत विषयको पाठ्यक्रममा अध्यापन गराइने भएको छ। ‘जलस्रोतको महत्व, अपरिहार्यता, उपयोग, संरक्षण तथा नियमनबारे विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका शैक्षिक पाठ्यक्रममा समावेश गरी अध्यापन गराइनेछ,’ नीतिको मस्यौदामा भनिएको छ।

जलस्रोत नीतिमा जलस्रोत प्रयोग गर्दा त्यसको प्राथमिकता क्रमसमेत निर्धारण गरिएको छ। नीतिले खानेपानी तथा घरेलु उपयोगलाई पहिलो नम्बरमा राखेको छ। यस्तै सिँचाइ, पशुपालन तथा मत्स्यपालन, जलविद्युत्, औद्योगिक तथा खानीजन्य उपयोग, जलयातायातलाई क्रमशः दुई, तीन, चार र पाँचौं नम्बरमा राखिएको छ। धार्मिक, सांस्कृतिक तथा वातावरण संरक्षणलाई छैटौं, आमोद प्रमोद तथा पर्यटनलाई सातौं तथा अन्य उपयोगलाई आठौंमा राखिएको छ। नीतिमा जलस्रोत उपयोग गरेर निर्माण गरिने सिँचाइ, जलविद्युत तथा खानेपानीलगायत आयोजनाका भौतिक संरचना निर्माण गर्दा जलचर तथा वन्यजन्तुका लागि आवश्यक पानीको प्राकृतिक बहाव छाडिनेछ।

श्रोत : **बिज खबर**,२०७६/११/३०

## हेटौँडा–भरतपुर प्रसारण लाइन निर्माणका लागि ठेकेदार छानियो, १५ महिनामा प्रशारण लाईन निर्माण गरिसक्ने

काठमाडौं । तोकिएको काम पूरा नगरेपछि ठेक्का सम्झौता खारेज गरेर अगाडि बढेको नेपाल विद्युतप्राधिकरणले हेटौँडा–भरतपुर खण्ड निर्माणका लागि ठेकेदार छनोट गरेको छ । प्राधिकरणले प्रसारण लाइन निर्माणका लागि गत असोजमा अन्तरराष्ट्रिय बोलपत्र आह्वान गर्दै ठेक्का प्रक्रियामा सहभागी हुन आग्रह गरेको थियो । सो आयोजना हेटौँडा–भरतपुर–बर्दघाट २२० केभी प्रसारण लाइन आयोजनाअन्तरगतको आयोजना हो । प्रसारण लाइन निर्माणको ठेक्का सबैभन्दा कम रकम कबोल गर्ने भारतीय कम्पनी केइसी इन्टरनेशनल लिमिटेडले पाएको आयोजना प्रमुख ईश्वरीप्रसाद जैसवालले जानकारी दिएका छन । आयोजनाले केही दिन पहिले ठेकेदार छनोट गरिएको जानकारी दिएको छ । कम्पनीले ५४ लाख ३५ हजार अमेरिकी डलर र ३६ करोड ८८ लाख ११ हजार रुपैयाँ (करबाहेक) मा ठेक्का पाएको हो । प्रसारण लाइन निर्माणका लागि पाँच कम्पनीले प्रस्ताव पेश गरेका थिए । भारतीय कम्पनी आइकम टेल लिमिटेडको कामको प्रगति सन्तोषजक नभएपछि प्राधिकरणले कम्पनीसँगको ठेक्का गत वैशाखमा तोडेर नयाँ प्रक्रियामा गएको थियो । प्राधिकरणले प्रसारण लाइनको बाँकी काम गर्न ठेकेदार छनोट गरेको हो । कम्पनीले ठेक्का सम्झौता कार्यान्वयनमा आएको १५ महिनाभित्रमा प्रसारण लाइनको निर्माण गरिसक्नुपर्ने कार्यादेश छ । कूल ७४ किलोमिटर २२० केभी डबल सर्किट प्रसारण लाइनमा पर्ने २२६ टावरमध्ये १७३ को जग हालिएको छ । यस्तै, कूल ११९ खडा गरिएको छ भने १६ किलोमिटर क्षेत्रमा मात्रै तार तानिएको छ । प्रसारण लाइन निर्माणका लागि निजी जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोगलगायतमा कुनै समस्या नरहेको आयोजनाले जानकारी दिएको छ । प्रसारण लाइन निर्माणका लागि प्राधिकरण र भारतीय कम्पनी आइकम टेलबीच २०६५ को फागुनमा ९६ लाख ३६ हजार अमेरिकी डलर र १९ करोड ७३ लाख १५ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । काम नगरी रणनीतिक महत्वको प्रसारण लाइनको काम अलपत्र पारेपछि प्राधिकरणले ठेक्का तोडी कम्पनीले कार्यसम्पादन जमानतबापत राखेको ३० लाख ५७ लाख अमेरिकी डलर पनि जफत गरेको थियो । यसैगरी प्राधिकरणले काम ढिला गरेबापत करिब १६ लाख डलर बिलम्व जरिवाना पनि लगाउने निर्णय गरेको थियो । प्राधिकरणले यसअघि आयोजनाअन्तरगतको भरतपुर–बर्दघाट खण्डको सेन्ट्रल चाइना पावर ग्रिड (सिसिपिजी) सँगको ठेक्का तोडेको थियो । प्राधिकरणको सिफारिसमा सार्वजनिक खरिद अनुगमन कार्यालयले नेपालको ठेक्कापट्टामा तीन वर्षसम्म भाग लिन नपाउने गरी सिसिपिजी कालोसूचीमा राख्ने निर्णय गरेको थियो । आयोजनाअन्तरगतको भरतपुर–बर्दघाट निर्माणका लागि नयाँ बोलपत्र

आह्वान गरी चिनियाँ कम्पनी हेङटन अप्टिक्स इलेक्ट्रिकसँग २०७५ साउनमा ५५ लाख ७५ हजार डलरमा ठेक्का सम्झौता भएको थियो । चितवनको भरतपुरदेखि नवलपरासीको बर्दघाटसम्मको २२० केभी प्रसारण लाइनको पनि निर्माण धमाधम भइरहेको छ । नेपालभित्रको प्रसारण लाइन सुदृढ तथा विश्वसनीय बनाउन र पश्चिम क्षेत्रमा निर्माण हुने जलविद्युतआयोजनाको विद्युतप्रवाहका लागि हेटौँडा–भरतपुर–बर्दघाट प्रसारण लाइनको निर्माण गर्न लागिएको हो । नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण कर्जामा आयोजनाको निर्माण भइरहेको छ । सो प्रसारण लाइन पूर्वको विद्युतपश्चिम लैजान र पश्चिमको विद्युतपूर्व लैजानका लागि महत्वपूर्ण मानिएको छ । यस्तै राजधानीमा आवश्यक पर्ने विद्युतउपलब्ध गराउन तथा बढी भएको विद्युतदेशका अन्य स्थानमा लैजानसमेत सहयोगी हुने ठानिएको छ । सरकारले महत्वपूर्ण प्रसारण लाइन निर्माणका लागि आवश्यक सहजीकरण गरिरहेको भए पनि निर्माण व्यवसायीको लापर्वाहीका कारण समस्या पर्दै आएको छ । समस्या समाधानका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र प्राधिकरणले गरेको सार्थक प्रयोगसमेत सफल हुन सकिरहेको छैन । केही आयोजनामा अझै पनि वन क्षेत्रको जग्गा प्रयोग तथा वनको रुख कटाउन र रुख बिरुवा हटाउने विषयले समेत प्राथमिकता पाउन सकेको छैन/रासस

श्रोत : **बिज खबर**,२०७६/११/३०

# ट्रंक लाईन विवादमा कुलमानलाई लेखाको साथ : तत्कालिन व्यवस्थापक माथी छानविन, महशुल नबुझाउने लाईन काट्न निर्देशन

काठमाडौं । लामो समयदेखि विवादमा रहेको डेडिकेटेड र ट्रंक लाईन सम्बन्धी विवादमा सार्वजनिक लेखा समितिले नेपाल विद्युत प्राधिकरण पक्षमा प्रतिवेदन पेश गरेको छ । संघीय संसदको सार्वजनिक लेखा समितिले सदस्य डा. मिनेन्द्र रिजालको संयोजकत्वमा गठित उपसमितिले प्राधिकरणका तत्कालिन व्यवस्थापकले राजस्व सम्बन्धी विषयमा गम्भीर लापरबाही गरेको पाइएकाले उनीहरुमाथी विस्तृत छानविन गर्नुपर्ने प्रतिवेदन पेश गरेको हो । विद्युत महशुल निर्धारण आयोगले २०७३ असार १६ गते दिएको लोडसेडिङ दैनिक ६ घन्टा वा सोभन्दा बढी कायम रहेको अवस्थामा २० घन्टा वा सोभन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट विद्युत लिने ग्राहकले डेडिकेटेड ग्राहकको सरह महशुल दर कायम गर्ने निर्णय कार्यान्वयन नगरी तत्कालिन प्राधिकरण व्यवस्थापकले राजस्व सम्बन्धी गम्भीर लापरबाही गरेको उक्त प्रतिवेदनको ठहर छ । 'विद्युत प्राधिकरणबाट डेडिकेटेड लाइनको हकमा प्राधिकरण सञ्चालक समितिले २०७२÷०३÷१२ गतेको निर्णयले २०७२ साउनदेखि विद्युत खपतमा नयाँ महशुल दर कायम गरेको र सोको अनुमोदन विद्युत महशुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा पनि २०७३/०३/१६ गते विद्युत महशुल निर्धारण आयोगले डेडिकेटेड लाइन सरह नै शुल्क लिने निर्णय गरेकाले सोही बमोजिम हुने गरी बक्यौता रकम असूल गरीरगराई समितिलाई जानकारी गराउन प्राधिकरण सञ्चालक समितिलाई निर्देशन दिने' उक्त प्रतिवेदनमा उल्लेख छ । लेखा समितिको शुक्रबार बसेको बैठकमा उपसमितिका संयोजक रिजालले सो अवधिमा रहेका सञ्चालक समिति, प्रवन्ध निर्देशक, विभागीय जिम्मेवारी लिएका पदाधिकारीमाथि विस्तृत छानविन गरी दोषीमाथि कारबाही गर्ने प्रक्रिया अघि बढाउन अख्तियारलाई निर्देशन दिने सुझाव सहितको प्रतिवेदन पेश गरेका हुन् । साथजै छुट विल जारी भएपछि ३५ दिनभित्र ग्राहकले उक्त महशुल बुझाउनुपर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ भएको ६० दिनभित्र ग्राहकले विद्युत महशुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी बक्यौता असूल उपर गर्नुपर्ने व्यवस्था महशुल संकलन विनियमावली २०७३ मा भएको हुँदाहुँदै पनि प्राधिकरण व्यवस्थापनले उक्त प्रावधान कार्यान्वयन नगरेको देखिएकाले सोको कार्यान्वयन गर्न गराउन प्राधिकरण सञ्चालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने उपसमितिको प्रतिवेदनमा उल्लेख छ । प्राधिकरणले बिजुलीको बिल नतिर्ने ग्राहकको लाइन काट्न नसकेको भन्दै उपसमितिले थप निर्देशन दिन समेत सिफारिस गरेको छ । साथै ग्राहकको विद्युत महशुल

संकलनको अवस्था अध्ययन गरी प्रतिवेदन पेश गर्न सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा गठित उपसमितिले बुझाएको माथी छलफल तथा स्वीकृतनै भएको प्रतिवेदनका आधारमा छुट बिल भनी ग्राहकलाई पत्राचार गरेको हुँदा नैतिक प्रश्न उठ्ने भन्दै सोही उपसमितिलाई उक्त प्रतिवेदनको प्राविधिक पक्ष अपर्याप्त भएको भनी एक महिनाभित्र थप अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय समेत गरेको छ ।

श्रोत : क्यापिटल नेपाल, २०७६/११/३०

# तल्लो अरुणमा पावर चाइना र भारतको सतलजले गरे लगानीको प्रस्ताव, कसले पाउला आयोजना ?

काठमाडौं । प्रस्तावित ६४० मेगावाटको तल्लो अरुण जलविद्युत आयोजना बनाउन भारतीय र चिनियाँ कम्पनीहरुले प्रस्ताव गरेका छन ।

नेपालको हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडीसीएल) र पावर कन्ट्रक्सन कर्पोरेशन अफ चाइना लिमिटेड (पावर चाइना) र भारतको सतलज जलविद्युत निगम लिमिटेडले तल्लो अरुणमा लगानीको प्रस्ताव पेश गरेका हुन ।

जापानको ग्रीन रिर्सोसेज प्राइभेट लिमिटेड र इलेक्ट्रिक पावर डेभलपमेन्ट कम्पनी लिमिटेड जेभी (जे पावर) ले भने प्रस्ताव पेश गरेन
२ ओटाले मात्र प्रस्ताव पेश गरेको बोर्ड स्रोतले क्यापिटल नेपाललाई जानकारी दियो ।

तल्लो अरुण जलविद्युतमा ३ कम्पनी छनोट, आयोजना निर्माणका लागि प्रस्ताव आह्वान गरिने

असोज ६ गते बसेको लगानी बोर्डको ४० औं बैठकले एचआईडीसीएल र पावर चाइना संयुक्त उपक्रम, सतलज जलविद्युत र जे पावरलाई छनौट गरेको थियो । बोर्डले ३ ओटै कम्पनीसंग प्रस्ताव मागेको थियो । अब एचआईडीसीएल र पावर चाइना जेभी र सतलजबीच प्रतिस्पर्धा भएको छ ।

प्रस्तावहरुको मूल्याँकन गरेपछि आयोजना निर्माणका लागि कम्पनी छनौट हुने छ । बोर्डले अरुण तेस्रोको जस्तै निःशुल्क ऊर्जालाई प्राथमिकतामा राखेर प्रस्ताव आब्हान गरेको छ । आयोजनाको बोलपत्रमा भाग लिने कम्पनीहरुले न्युनतम २० प्रतिशत निःशुल्क बिजुली प्रस्ताव गर्नुपर्ने छ ।

तल्लो अरुण आयोजना बनाउन लगानी बोर्डले माग्यो प्रस्ताव, निःशुल्क ऊर्जालाई प्राथमिकता

लगानी बोर्डले आब्हान गरेको बोलपत्रमा न्युनतम निःशुल्क बिजुलीको सीमा तोकेको हो । बोर्डले निःशुल्क बिजुलीलाई बोलपत्रको ५० प्रतिशत अंकभार तोकेको छ । बोर्डले न्युनतम २० देखि अधिकतम २५ प्रतिशत प्रस्तावको भार तोकेको छ ।

बाँकी ५० प्रतिशत भार प्राविधिक ज्ञान, बिजुली निकासी, आयोजना प्रभावित स्थानीयबासिन्दा तथा सर्वसाधारणलाई प्राथमिक सेयर (आईपीओ) निष्कासन र आयोजनाको कार्यतालिकालाई तोकेको छ ।

यसैगरी सरकारले गरेको संभाव्यता अध्ययन प्रतिवेदन खरिद गर्न प्रस्तावक कम्पनीहरुले न्युनतम १६ करोड २६ लाख रुपैयाँ भुक्तानी गर्नुपर्ने भएको छ ।अरुण तेस्रो आयोजनाले २१.९ प्रतिशत अर्थात १९८ मेगावाट निशुल्क बिजुली दिने प्रस्ताव गरेपछि पाएको थियो ।

तल्लो अरुण आयोजनामा भाग लिने कम्पनीले न्युनतम २० प्रतिशत निःशुल्क बिजुली प्रस्ताव गर्नुपर्ने

अरुण तेस्रो आयोजना अत्यधिक विद्युतको माग हुने सुख्खा मौसममा पनि दैनिक ६ घण्टा पानी जम्मा गरेर बिजुली उत्पादन गर्न सक्ने अर्धजलाशय (पिकिङ रन अफ रिभर) आयोजना हो ।

संखुवासभा र भोजपुरमा पर्ने आयोजनाको करिब १५ किलोमिटर मुख्य सुरुङ निर्माण गर्नुपर्ने छ । आयोजना बनाउन १ खर्ब ५० अर्ब रुपैयाँ लाग्ने सम्भाव्यता अध्ययनले देखाएको छ । विस्तृत आयोजना प्रतिवेदनपछि आयोजनाको लागत बढ्ने संभावना छ ।

श्रोत : ऊर्जा खबर, २०७६/११/३०

# ५ मेगावाटको सिंकोस खोला निर्माण हुने

मेगावाटको अर्धजलाशय सिंकोस खोला जलविद्युत आयोजना निर्माण हुने भएको छ । धौलागिरी गाउँपालिका भएर बग्ने सिंकोस खोलामा पहिचान भएको आयोजना सिंकोस हाइड्रो पावर कम्पनीले अघि बढाउन लागेको हो ।

कम्पनीले आयोजना निर्माण गर्दा पर्नसक्ने वातावरणीय प्रभावको प्रारम्भिक अध्ययन सुरु गरेको छ । अध्ययनका क्रममा आयोजना निर्माण गर्दा स्थानीय क्षेत्रमा पर्न सक्ने असरका सम्बन्धमा सरोकारवालाको राय तथा सुझाव मागिएको छ ।

सरोकारवालासँग आयोजना निर्माण तथा सञ्चालन गर्दा स्थानीय क्षेत्रमा पर्नसक्ने भौतिक, साँस्कृतिक, आर्थिक एवं सामाजिक असरबारे राय तथा सुझाव मागिएको हो । अबको २ साताभित्र प्राप्त हुने गरी सरोकारवालालाई राय तथा सुझाव पठाउन कम्पनीले अनुरोध गरेको छ ।

अध्ययन पूरा भएपछि सिंकोस खोलामा बाँध बाँधेर फर्काइएको पानी ३.०२५ किलोमिटर पाइपमार्फत विद्युतगृहमा खसालेर विद्युत उत्पादन गर्न संरचना निर्माण गरिनेछ । विद्युत उत्पादन भइसकेपछि विद्युतगृहबाट निस्कने पानीको निकासका लागि ६.५० मिटर लामो नहर निर्माण गरिने कम्पनीले जनाएको छ । योजनाले उत्पादन गर्ने विद्युत ३३ केभी प्रसारण लाइनमार्फत १० किलोमिटर दुरीमा रहेको डाँडागाउँ सबस्टेसनमा जोडिनेछ ।

श्रोत : अन्नपूर्ण पोष्ट, २०७६/११/३०

## जगदुल्ला हाइड्रोपावर : जग्गाधनीलाई मुआव्जा वितरण

डोल्पा : जगदुल्ला हाइड्रोपावर निर्माण क्षेत्रका जग्गाधनीलाई मुआव्जा वितरण गर्न थालिएको छ। एक सय ६ मेगावाट क्षमताको हाइड्रोपावर निर्माण हुने पक्का भएपछि जग्गाधनीलाई एकमुष्ठ मुआब्जा वितरण गर्न थालिएको हो। जगदुल्ला गाउँपालिकाको १ र २ वडाका हुरिकोट र काइगाउँमा हाइड्रोपावरको ड्याम बन्नेछ भने मुड्केचुला गाउँपालिका-४ इलमा जमिनमुनि नहर निर्माण गरिने भएको छ।

प्रभावित क्षेत्रका स्थानीयलाई मुआव्जा वितरणपछि आयोजनाको काम तीव्र रूपले सञ्चालन हुने आयोजना प्रमुख सञ्जयकुमार सापकोटाले बताए। उनका अनुसार जगदुल्लाको काइगाउँमा एक सय ८१ रोपनी र मुड्केचुलाको इल गाउँमा ७७ रोपनी गरेर आयोजनाका लागि कुल दुई सय ५८ रोपनी जग्गा अधिग्रहण गरिएको हो।

प्रतिरोपनी जग्गाको पाँच लाख पाँच हजारका दरले मुड्केचुलाको इल गाउँका जग्गाधनीलाई एकमुष्ठ मुआव्जा वितरण गरिएको हो। मुड्केचुलाको इलमा मात्रै मुआव्जा स्वरूप जग्गाधनीलाई कुल तीन करोड ९८ लाख रकम वितरण गरिएको प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले बताए। उनले एक औपचारिक कार्यक्रमबीच बिहीबार जग्गाधनीलाई रकम हस्तान्त्रण गरेका हुन्। एकमुष्ठ मुआव्जा रकम पाएपछि जग्गाधनी खुसी भएका छन्।

जग्गाधनी पञ्चबहादुर रोकायाले मुआव्जा पाएपछि आयोजना निर्माणका लागि जग्गा उपलब्ध गराएको बताए। जग्गा अधिग्रहण भए पनि मुआव्जा चित्त बुफ्दो पाएपछि जग्गाधनिले मुअव्जा रकम आयआर्जनका क्रियाकलापमा लगानी गर्ने बताएका छन्। यस्तै आगामी चैत १५ गतेभित्र जगदुल्ला गाउँपालिकाको हुरिकोट र काइगाउँको एक सय ८१ रोपनीका जग्गाधनीलाई मुआव्जा वितरण गर्ने तयारी रहेको आयोजना प्रमुख सञ्जयकुमार सापकोटाले जानकारी दिए।

उनका अनुसार जगदुल्लामा प्रतिरोपनी पाँच लाख १५ हजारको दरले मुआव्जा वितरण गर्ने तयारी छ। मुआव्जा वितरणमै कुल नौ करोड पचास लाख रुपैयाँ खर्च लाग्ने भएको छ। कुल एक सय ६ मेगावाट क्षमताको हाइड्रोपावर निर्माणका लागि ६ दशमलव एक सय ३५ किलोमिटर भर्टिकल लम्बाइको सुरुङ मार्ग निर्माण गरिनेछ। २० मिटर उचाइ र ९० मिटर चौडाइको बाँध बन्नेछ। भने विद्युत् उत्पादन गृह जमिन मुनि नै बन्ने आयोजना निर्माण कार्यालयले जनाएको छ।

करिब २२ अर्बको लगानीमा नेपाल सरकार आफैंले हाइड्रोपावर बनाउन लागेको हो। यस आयोजना निर्माणपछि डोल्पाको मात्रै नभएर कर्णालीकै आर्थिक समृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। हाइड्रोपावरको डीपीआर बनाएर तत्काल आयोजना कार्यालय स्थापना गरी सात वर्षमा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य छ। तर, हालसम्म आयोजना स्थलसम्म सडकको पहुँच नपुगेकाले निर्माण सामग्री ढुवानीमा समस्या हुने देखिन्छ। जगदुल्ला गाउँपालिका अध्यक्ष नारासिंह रोकायाले आयोजना निर्माण पक्षबाटै सडक निर्माण गरिनुपर्ने माग राखेका छन्।

डोल्पा ः मुआव्जा रकम बुफ्दै जगदुल्ला हाइड्रोपावर निर्माण क्षेत्रका जग्गाधनी। टेकबहादुर शाही

श्रोत : ऊर्जा खबर, २०७६/११/३०

# चिनियाँ कामदार फर्किएपछि न्यादीको निर्माण सुचारु

काठमाडौं । चिनियाँ ठेकेदार कम्पनीका प्राविधिक तथा कामदार फर्किएपछि ३० मेगावाटको न्यादी जलविद्युत आयोजनाको निर्माण सुचारु भएको छ । चच्वाङ हाइड्रो पावर कन्स्ट्रक्सन एण्ड एन्स्टजेसन कम्पनीका कामदार नहुँदा रोकिएको आयोजनाको निर्माण करिब २ महिनापछि सुचारु भएको हो ।

चीनमा फैलिएको कोभिड–१९ अर्थात कोरोना भाइरसको महामारीले नयाँ वर्ष मनाउन गत माघ ६ गते गएका कामदार उतै रोकिँदा आयोजनाको निर्माण ठप्प हुन पुगेको थियो । कोरोनाले महामारीको रुप लिएपछि चीन सरकारले देश छाड्न रोक लगाउँदा उनीहरु उतै रोकिएका थिए ।

पटक–पटकको परीक्षणबाट कोरोनाको संक्रमण नभएको पुष्टी भएका ४० कामदार फर्किएर काम सुचारु गरिसकेको न्यादी हाइड्रो पावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत उत्तम अमात्यले बताए । उनका अनुसार ठेकेदार कम्पनीले नेपाली कामदारसँग मिलेर काम गरिरहेको छ । ‘प्राविधिक र कामदार नहुँदा २ महिना जति काम बन्द भयो,’ उनले *ऊर्जा खबर*सँग भने,‘उनीहरु फर्किएपपछि अहिले निर्माणले गति लिएको छ । कोरोना असरले निर्माण प्रभावित हुँदा विद्युत उत्पादन तालिका डेढदेखि २ महिना पछि सर्न सक्ने सम्भावना बढेको उनले बताए ।

८५ प्रतिशत निर्माण पूरा भइसकेको आयोजनाबाट २०७७ बैशाख ६ गतेदेखि विद्युत उत्पादन सुरु गर्ने तालिका छ । उत्पादन तालिका २ महिना लम्बिँदा असारसम्म सर्न सक्ने पनि अमात्यले बताए ।

आयोजनाको बाँध क्षेत्रका सिभिल संरचना ७० प्रतिशत पूरा भएका छन् । ३.८४ किलोमिटर लामो मूख्य सुरुङ खनेर सकिएको छ । अहिले ढलानको काम भइरहेको छ ।

यस्तै, ७ सय ५० मिटर पेनस्टकको काम ७५ प्रतिशत सकिएको छ । विद्युतगृहको सिभिल संरचना सम्पन्न भई इलेक्ट्रोमेकानिकल उपकरण जडान भइरहेको थियो । विद्युतगृहमा उपकरण जडानको काम पनि करिब ८० प्रतिशत सकिएको छ ।

बुटवल पावर कम्पनी (बिपिसी) को सहायक कम्पनीले निर्माण गरिरहेको आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आउँदा वार्षिक १६८.५५ गिगावाट घन्टा विद्युत उत्पादन हुनेछ । आयोजनाबाट उत्पादन हुने विद्युत ९ किलोमिटर दुरीमा रहेको १३२ केभी भुलभुले–मस्र्याङदी प्रसारण लाइनमार्फत प्रणालीमा जोडिने छ ।

नेपाल विद्युत प्राधिकरणले आयोजनाले विद्युत उत्पादन सुरु गर्ने अवधिमा २२० केभी मर्स्याङ्दी कोरिडोरको खुदी सबस्टेसनको काम सम्पन्न गर्ने अवस्था नरहेकाले वैकल्पिक लाइनमा जोडिने कम्पनीले जनाएको छ । आयोजनाको प्रसारण लाइन निर्माणाधीन छ । आयोजना सम्पन्न गर्न करिब ६ अर्ब ४ करोड २८ लाख रुपैयाँ खर्च हुने अनुमान छ । आयोजनामा एभरेष्ट बैंकको अगुवाईमा नबिल, ग्लोबल आइएमई, हिमालय, सनराइज बैंक र हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीले ऋण लगानी गरेका छन् ।

न्यादी जस्तै चिनियाँ कम्पनीले निर्माण ठेक्का लिएका जर्दनौं जलविद्युत तथा प्रसारण लाइन आयोजनामा कोरोनाले असर पुर्याएका े छ । कामदार अभावमा निर्माण रोकिँदा आयोजनाको पूरा हुने अवधि लम्बिएको छ । यसको प्रत्यक्ष असर देशको अर्थतन्त्रमा पर्ने देखिन्छ । चीनले कोरोना महामारी नियन्त्रणमा आउँदै गएको भन्दै नागरिकलाई देश छाड्न अनुमति दिएपछि चिनियाँ कम्पनीका कामदार विस्तारै फर्किन थालेका छन् ।

श्रोत : अनलाइन खबर, २०७६/१२/१

# इन्डक्सन चुलोको माग बढ्यो

१ चैत , काठमाडौं । कोरोना भाइरस (कोभिड–१९) का कारण बजारमा खाना पकाउने ग्यासको अभाव देखिएपछि इन्डक्सन चुलोप्रति उपभोक्ताको आकर्षण बढेको छ । कोरोनाको हल्लाले बजारमा ग्यास नपाएपछि उपभोक्ता दैनिक चुलो किन्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीमा आउने गरेका छन् ।

कम्पनीका नायब महाप्रबन्धक श्रीमणिराज खनालले ग्यासको विकल्पका रुपमा रहेको चुलोको माग बढेको बताए । उनका अनुसार अहिले दैनिक मानिस चुलो किन्न कम्पनीमा आउने गरेका छन् । कम्पनीले प्रधान कार्यालय भद्रकाली, बिक्री केन्द्र थापाथली र सिंहदरबार तथा घुम्ती बिक्री केन्द्रमा चुलो बेच्ने गरेको छ ।

“पहिलेभन्दा कोरोनाको हल्लाले ग्यास नपाएपछि धेरै मानिस फोन गरेर चुलोबारे सोध्ने गरेका छन्”, उनले भने, “दैनिक १०–१५ चुलो बिक्री भइरहेका छन् ।” भूकम्पका बेला चीन सरकारले नेपाललाई उपलब्ध गराएको चुलो अहिले पनि सङ्कटका बेला उपभोक्ताले लिने गरेका छन् । चीन सरकारले सित्तैमा नेपाललाई उक्त चुलो दिएको थियो ।

भूकम्प र भारतीय नाकाबन्दीमा बिक्री भएको चुलो त्यस यता त्यति बिक्री भएको थिएन । सबै प्रकारका भाँडा प्रयोग गर्न मिल्ने उक्त चुलोको मूल्य रु चार हजार पर्छ । पहिले चुलोको मूल्य रु ११ हजार तोकिए पनि उपभोक्ताको हितलाई ध्यानमा राखेर रु चार हजार कायम गरिएको नायब महाप्रबन्धक खनालले जानकारी दिए ।

चुलोमा आवश्यकताअनुसार २०० वाटदेखि एक हजार ६०० वाट विद्युत् प्रयोग गरेर खानेकुरा पकाउन सकिन्छ । आफूलाई आवश्यकताअनुसार कति चाँडो खाना पकाउने हो त्यहीअनुसार क्षमता बढाउन सकिन्छ । चुलोसँगै एउटा कराही पनि सित्तैमा उपलब्ध हुने उनले जानकारी दिए । ग्यासभन्दा सस्तो हुने उक्त चुलो विद्युत् भएका बेला जतिबेला पनि खाना पकाउन सकिन्छ ।

श्रोत : अनलाइन खबर, २०७६/१२/१

# माथिल्लो तामाकोशी : बाँधमा पानी जम्मा पारेर परीक्षण थालिँदै

१ चैत, काठमाडौं । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको बाँध तथा बालुवा थिग्र्याउने पोखरीको सोमबारदेखि परीक्षण थालिने भएको छ ।

कूल भौतिक प्रगति ९९ दशमलव तीन प्रतिशत पुगेको आयोजनाको प्रमुख संरचनाको परीक्षण गर्न लागिएको आयोजनाले जनाएको छ । स्वदेशी लगानीमा निर्धाणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको प्रमुख काम करिब सम्पन्न हुने चरणमा पुगेको छ । अन्य आयोजनामा कोरोनाको प्रभाव परेको भए पनि सो आयोजनामा हालसम्म त्यसको कुनै प्रभाव परेको छैन । मात्रै आयोजनाको जटिल मानिएको दुई वटा ठाडो सुरुङमा पाइप जडान गर्ने काममा भने अपेक्षित प्रगति नभएको हो ।

आयोजनाको प्रमुख संरचनामध्ये बाँधस्थलको अवस्था पत्ता लगाउनका लागि पानी भर्न लागिएको हो । बाँधमा पानी जम्मा गरेर संरचनाको परीक्षण गर्न लागिएको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेले जानकारी दिए। आयोजनाका अनुसार सोमबारदेखि चार दिनसम्म बाँध, मुहान गेट र डिसेन्डर बेसिन (बालुवा थिग्राउने पोखरी) मा पानी भरेर परीक्षण गरिनेछ ।

प्रवक्ता न्यौपानेका अनुसार बाँध क्षेत्रका संरचनामा केही समस्या भए नभएको परीक्षण गरेर हेर्न लागिएको हो । आगामी असारभित्र आयोजनाको पहिलो युनिट सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको छ । निर्माण सम्पन्न भइसकेको संरचनाको अवस्था कस्तो छ भनेर हेर्न लागिएको हो । देशकै ठूलो आयोजनामा कूल २२ मिटर उचाइ तथा ६० मिटर चौडाइ भएको बाँध निर्माण गरिएको छ । बाँधमा आठ ढोका रहेका छन् । त्यसमा चार वटाबाट निकास हुने पानी डिसेन्डर बेसिन हुँदै मुख्य सुरुङमार्फत विद्युत्गृहमा पुगेर विद्युत् उत्पादन गर्ने गरी मिलाइएको छ ।

हाल मुख्य सुरुङमा अन्तिम चरणको ढलान कार्य हुँदैछ । सबैभन्दा कठिन मानिएको ठोडो सुरुङमा पेनस्टक पाइप जडानको काम पनि धमाधम भइरहेको छ । हालसम्म ठाडो सुरुङमा कूल ३९५

मिटर पेनस्टक पाइप जडान कार्य पूरा भइसकेको प्रवक्ता न्यौपानेले जानकारी दिए । उनका अनुसार तल्लो ठाडो सुरुङमा कूल २५० मिटर र माथिल्लो ठाडो सुरुङमा १४५ मिटर पाइप जडान भइसकेको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी वैशाखभित्र ठाडो सुरुङमा पाइप जडानको कार्य सम्पन्न गर्न गत फागुन १४ गते आयोजनास्थल पुगेर निर्देशन दिनुभएको थियो ।

आगामी असारभित्र सबै बाँकी काम पूरा गरेर पहिलो युनिट सञ्चालन गर्ने तयारी गरिएको छ । पहिलो युनिट सञ्चालनमा आएपछि क्रमशः अन्य युनिट पनि राष्ट्रिय प्रणालीमा जडान गर्दै जाने लक्ष्य राखिएको छ । माथिल्लो र तल्लो ठाडो सुरुङमा १० मिटरका दुई वटा पाइप जडान गर्न क्रमशः सात र पाँच दिनमा आइसकेकाले कुनै प्राविधिक समस्या नआएमा वैशाखभित्रमा पाइप जडान भइसक्ने आयोजनाले बताएको छ । त्यसपछि माथिल्लो र तल्लो ठाडो सुरुङको बीचमा रहेको तेस्रो भागमा पाइप जडान शुरु हुने र त्यसका लागि करिब साढे एक महिना लाग्ने बताइएको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक एवं माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडका अध्यक्ष घिसिङले गत फागुन १४ गते निर्माणस्थलको निरीक्षण गरी आयोजनाका पदाधिकारी, परामर्शदाता, तीन वटै ठेकेदारसँग संयुक्तरूपमा निर्माण सम्पन्न हुने कार्यतालिका बारेमा छलफल गरेका थिए। ठेकेदार कम्पनीले आफ्नो तालिकाअनुसार काम गर्ने प्रतिबद्धता जनाएका छन् । कार्यकारी निर्देशक घिसिङले अगामी असारभित्र कम्तीमा पनि एउटा युनिटबाट विद्युत् उत्पादन गर्ने कार्यतालिका बनाइ त्यसअनुसार व्यवस्थापनमा सुधार गरी कार्यसम्पादन गर्न निर्देशन दिएका छन्। पहिलो युनिटबाट कूल ७६ मेगावाट विद्युत् उत्पादन हुनेछ ।

निर्माण सम्पन्न हुने समय तालिकामा प्रधानमन्त्री केपी शर्मा ओली, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनलगायतको गम्भीर चासो छ । त्यसैले जुनसुकै अवस्थामा पनि चालु आर्थिक वर्षभित्रमा पहिलो युनिटबाट विद्युत् उत्पादन गर्नुपर्ने भएकाले आफूले जनाएका प्रतिबद्धताअनुसारका समय

तालिकामा रहेर काम गर्नुहोला आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्न प्राधिकरण तयार छ ।

विशेषगरी आयोजनाको लट–२ को ठकेदारले पनि विगतमा भन्दा काममा केही सुधार गरेको छ । पेनस्टक पाइप आपूर्ति तथा जडानको (लट–२)ठेक्का पाएको भारतीय कम्पनी टेक्स्म्याकोले काम गर्न ढिलाइ गरेपछि तल्लो ठाडो सुरुङमा पाइप जडानको जिम्मा इलेक्ट्रोमेकानिकल (लट–३)को ठेकदार अष्ट्रियन कम्पनी एन्ड्रिज हाइड्रोलाई दिइएको छ ।

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, टेक्सम्याको र एन्ड्रिजबीच गत २३ पुसमा आयोजनालाई थप वित्तीय भार नपर्ने गरी यो काम गर्न त्रिपक्षीय सम्झौता भएको थियो । माथिल्लो ठाडो सुरुङमा पाइप जडान भने टेक्स्म्याकोले नै गरिरहेको छ । कार्यकारी निर्देशक घिसिङले आयोजनास्थलबाटै भारतमा रहेका टेक्स्म्याकोका प्रमुखलाई फोन गरी निर्माणमा ढिलाइ नगरिदिन आग्रह गरेका थिए ।

केही महिनाअघि ऊर्जा जलस्रोत तथा सिँचाइसचिव दिनेशकुमार घिसिङ, कार्यकारी निर्देशक घिसिङ, माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेका प्रमुख कार्यकारी अधिकृत विज्ञानप्रसाद श्रेष्ठसहितको टोलीले कोलकातास्थित टेक्स्म्याकोको मुख्यालय गई कम्पनीको उच्च व्यवस्थापनलाई भेटेर निर्माणमा तीव्रता दिन आग्रह गरेको थियो । श्रेष्ठका अनुसार, सिभिल कार्यअन्तर्गत मुख्य सुरुङमा ग्राउटिङ र कङ्क्रिटिङ गर्ने काम अन्तिम चरणमा पुगेको छ । मुख्य सुरुङमा जाने प्रवेश सुरुङमा गेट राख्ने तयारी भइरहेको छ । विद्युत्गृहका सम्पूर्ण उपकरण जडान भई तयारी अवस्थामा छन् । प्रसारण लाइनको १२७ टावर निर्माण र ४७ किलोमिटर तार टाङ्ने कार्य सम्पन्न भएको छ ।

रामेछापको खिम्तीमा निर्माण भइरहेको न्यू खिम्ती २२० केभी सवस्टेशनको सिभिलतर्फका काम अन्तिम चरणमा पुगेको छ । उपकरणहरु जडान गरी चार महिनाभित्रमा सवस्टेसन सञ्चालनमा ल्याउन लक्ष्यका साथ काम भइरहेको छ । गोरखा भूकम्प र त्यसपछिका पराकम्पन एवं बाढीपहिरोले पुर्याएको क्षति तथा अवरोध, मधेश आन्दोलनका कारण निर्माण समाग्री ढुवानी र इन्धन आपूर्तिमा

आएको समस्या, डिजाइन परिवर्तन, हाइड्रोमेकानिकल (लट–२) ठेकेदारको कमजोर कार्यसम्पादनलगायतले गर्दा आयोजनाको निर्माण ढिलाइ भएको थियो ।

श्रोत : ऊर्जा खबर, २०७६/१२/०१

# म्याग्दी खोला निर्माण तथा सञ्चालन गर्न मलेसियन कम्पनीसँग सहकार्य

क्वालालम्पुर (मलेसिया) । म्याग्दीमा निर्माण हुने ५७.३ मेगावाटको म्याग्दी खोला जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न हाइड्रो भिलेज प्रालिले मलेसियन कम्पनीसँग सहकार्य गरेको छ । सहकार्य सम्बन्धी समझदारीपत्र (एमओयू) मा क्वालालम्पुरमा शुक्रबार हस्ताक्षर भएको हो ।

सेर्बा दिनामिक होल्डिङ बेरहदको सहायक कम्पनी सेर्बा दिनामिक इन्टरनेशनल लिमिटेड र हाइड्रो भिलेजले दीर्घकालीन सहकार्यमा समझदारी गरेका छन् । समझदारीपत्रमा हाइड्रो भिलेजका प्रबन्ध निर्देशक सुशील पोखरेल र मलेसियन कम्पनीका तर्फबाट इरमुद अब्दुल करिम बिन अब्दुल्लाहले हस्ताक्षर गरेका छन् ।

सेर्बा होल्डिङ र यसको समूहले अन्तर्राष्ट्रियस्तरमा विद्युत आयोजना अध्ययन, खरिद, निर्माण, सञ्चालन तथा मर्मतलगायत इन्जिनियरिङ सेवा प्रदान गर्दै आएको छ । समझदारी अनुसार मलेसियन कम्पनीले हाइड्रो भिलेजमा पुँजी लगानी गर्ने तथा अध्ययन, निर्माण, सञ्चालन र मर्मत/संभारमा सहकार्य गर्नेछ । दक्षिण एसियाको स्वच्छ ऊर्जा विकासमा यो हाम्रो पहिलो आयोजना हो,' इरमुद अब्दुल करिम बिन अब्दुल्लाहले भने, 'यो आयोजनामा हाम्रो लगानी विस्तार गर्न पाएकोमा हामी खुसी छौं ।'

यस्तै, हाइड्रो भिलेजका प्रबन्ध निर्देशक पोखरेलले सेर्बा ग्रुपसँगको सहकार्यले ऊर्जा क्षेत्रमा काम गर्ने उत्साह जगाएको बताए । 'नेपालमा वैदेशिक लगानी भित्र्याउने सरकारको योजनामा यसले सहयोग पुर्याउनेछ,' उनले भने, 'म्याग्दी खोलाका लागि आर्थिक र प्राविधिक सहयोगमा पूर्ण सहयोग हुनेछ ।'

करिब १० अर्ब रुपैयाँ लागत अनुमान गरिएको आयोजनाको यसअघि नै नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता (पिपिए) भइसकेको छ । वार्षिक ३३४ गिगावाट घन्टा ऊर्जा उत्पादन हुने आयोजनाको विद्युत १७ विद्युतगृहदेखि १७ किलोमिटर टाढा प्राधिकरणको डाँडाखेत सबस्टेसनमा जोडिनेछ ।

श्रोत : नयाँ पत्रिका, २०७६/१२/०१

## माथिल्लो दोर्दी 'ए'को १५ करोडको सेयर निष्कासन

लमजुङमा निर्माणाधीन २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनाले सर्वसाधारणका लागि सेयर निष्कासन गरेको छ। आयोजनाले लमजुङवासीका लागि १५ करोड रुपैयाँबराबरको सेयर निष्कासन गरेको हो। प्रवर्द्धक लिबर्टी इनर्जी कम्पनी लिमिटेडले प्रभावित, प्रभावितवरपर र जिल्लावासीका लागि मंगलबार सेयर आवदेन खुला गरेको आयोजनाका सञ्चालक राजेन्द्र वस्तीले बताए।

जिल्लाभित्र पनि अतिप्रभावित क्षेत्रलाई ५ करोड, सामान्य प्रभावितलाई ५ करोड र त्यसबाहेक जिल्लावासीका लागि थप ५ करोडको सेयर छुट्याइएको छ। लगानी गर्न इच्छुकले फागुन २७ देखि चैत ११ सम्म आवेदन दिनुपर्ने आयोजनाका साइट प्रोजेक्ट म्यानेजर सुरेशकुमार जोशीले बताए। स्थानीयले न्यूनतम १० देखि अधिकतम १० हजार कित्तासम्म आवेदन दिन पाउनेछन्।

कम्पनीले छुट्याएको क्षेत्रमध्ये अतिप्रभावित क्षेत्रबाट मागबमोजिम दरखास्त प्राप्त नभएमा बैँसीसहर–११ र दोर्दी गाउँपालिकाको बाँकी वडावासी र सो क्षेत्रबाट पनि मागबमोजिम दरखास्त प्राप्त नभएमा सम्पूर्ण जिल्लावासीमा सेयर बाँडफाँड गर्ने तयारी गरेको छ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावलीअनुसार १० प्रतिशत स्थानीयलाई साधारण सेयर निष्कासन गरिएको हो। यो पछि १५ प्रतिशत साधारण सेयर देशभरका सर्वसाधारणका लागि निष्कासन गरिनेछ। कम्पनीले सेयर निष्कासन गरी बाँडफाँट गर्न नेपाल इन्भेस्टमेन्ट बैंक क्यापिटललाई बिक्री प्रबन्धक तोकेको छ। ०७१ असोजबाट निर्माण थालिएको सो आयोजना आगामी चैत्र मसान्तसम्म व्यावसायिक विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ काम अघि बढाइएको आयोजनाले जनाएको छ।

श्रोत : ऊर्जा खबर, २०७६/१२/०२

# सोलारबाट ८ मेगावाट बिजुली, वैशाखसम्म राष्ट्रिय ग्रिडमा जोडिने

रुपन्देही । निजी कम्पनीले सोलार प्लान्टबाट ८ दशमलव ५ मेगावाट क्षमताको विद्युत् उत्पादन अन्तिम चरणमा पुर्‍याएको छ। तिलोत्तमा नगरपालिका–६ पुरानो सडक नजिक २६ बिघा जमिनमा रिडी हाइड्रो पावर कम्पनीले ग्रिड कनेक्टेड बुटवल सोलार पावर प्रोजेक्टमार्फत विद्युत् उत्पादन गर्न लागेको हो।

सोलार ऊर्जाबाट विद्युत् निकाली राष्ट्रिय ग्रिडमा जोड्न लागेको यो निजी क्षेत्रकै ठूलो व्यावसायिक उत्पादन हो। सरकारी क्षेत्रबाट विद्युत् प्राधिकरणले नुवाकोटमा २५ मेगावाट क्षमताको ग्रिडमा आबद्ध सोलार आयोजनामा काम गरिरहेको छ। त्यसले पनि वैशाखभित्रै १५ मेगावाट उत्पादन गर्ने तयारी गरेको छ। बाँकी १० मेगावाटको काम सुरु गर्दै छ।

कम्पनीले उत्पादन गरेको बिजुली विद्युत् प्राधिकरणले प्रतियुनिट ७ रुपैयाँ ३० पैसाका दरले खरिद गर्ने गरी २५ वर्षका लागि खरिदबिक्री सम्झौता (पीपीए) गरेको छ। कम्पनीले ३ सय ३० वाट सोलार ऊर्जा क्षमताका ३२ हजार पातामार्फत उत्पादन गरेको बिजुली शुद्धोधन गाउँपालिकास्थित विद्युत् सबस्टेसनबाट राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ।

कम्पनीले सुरुमा योगिकुटी सबस्टेसनमा जडान गर्ने गरी सम्झौता गरेको भए पनि घना बस्तीका कारण त्यो सम्भव नभएकाले अहिले अमुवास्थित सबस्टेसनमा जडान गर्ने गरी काम भइरहेको प्राधिकरणको क्षेत्रीय कार्यालय बुटवलका प्रमुख नवराज सुवेदीले बताए। 'आयोजना आफैंले ३३ केभीए प्रसारण लाइन विस्तारको काम पनि गरिरहेको छ,' उनले भने, 'विद्युत् उत्पादन हुनासाथ अमुवामार्फत राष्ट्रिय लाइनमा जोडिनेछ।' त्यसका लागि काठमाडौंमै पीपीए सम्झौता भइसकेको उनले जानकारी दिए।

कम्पनीले विद्युत् उत्पादनका लागि मणिग्रामकै शान्ति नमुना माविको २६ बिघा जग्गा ३० वर्षका लागि लिजमा लिएर काम थालेको हो। सोलार पाता जडानको काम ९५ प्रतिशत सकिएको छ। सोलार पाताबाट उत्पादन हुने डीसी ऊर्जालाई एसीमा कन्भर्ट गर्न ८ सय ५० किलोवाट क्षमताका १० इन्भर्टर जडान गरिएको छ। इन्भर्टरबाट आएको विद्युत् ८ दशमलव ५ एमबीए क्षमताको

ट्रान्सफर्मरबाट स्पेट अप गरेर राष्ट्रिय लाइनमा जोडिने रिडी हाइड्रो पावर कम्पनीका कार्यकारी निर्देशक कुवेरमणि नेपालले बताए। 'हामीले निर्माण सुरु गरेको चार महिनामै विद्युत् उत्पादन गर्दै छौं,' उनले भने, 'वैशाख दोस्रो सातादेखि विद्युत् बिक्री सुरु हुन्छ।'

८ मेगावाट क्षमताका हाइड्रो पावर निर्माण गर्न कम्तीमा चार वर्ष लाग्ने भए पनि सोलार प्रविधिको विद्युत् कम्पनीले चार महिनामै उत्पादन गरेर बिक्री सुरु गर्न लागेको उनको भनाइ छ। सोलार प्लान्टबाट कम्पनीले प्रतिमेगावाट ८ करोडमा विद्युत् उत्पादन गर्दै छ।

सोलार प्यानल भएकाले यहाँको विद्युत् दिउँसोमा मात्र उत्पादन हुनेछ। ब्याट्री नराखी सिधै इन्भर्टरमा जोडिएकाले घाम लागेका बेला मात्र विद्युत् उत्पादन हुने र उत्पादित विद्युत् सिधै राष्ट्रिय प्रसारण लाइनमा जोडिने आयोजनाका इन्जिनियर कुशल न्यौपानेले बताए।

कम्पनीले उत्पादन गरेको सोलार बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्न आयोजना आफैंले झन्डै नौ किलोमिटर प्रसारण लाइन बनाउन पनि थालेको छ। 'सोलार पाता जोडेर अहिले इन्भर्टर र ट्रान्सफर्मर कनेक्सनको काम भइरहेको छ,' उनले भने, 'अन्य समस्या नआए वैशाख दोस्रो साता नै विद्युत् उत्पादन सुरु हुन्छ।' रिडी हाइड्रो पावर कम्पनीले यसअघि गुल्मीको रिडी खोलाबाट २ दशमलव ४ मेगावाट क्षमताको विद्युत् उत्पादन गरेको थियो।

कम्पनीले प्लान्टबाट वार्षिक रूपमा १ करोड ४५ लाख युनिट विद्युत् उत्पादन सुनिश्चित (ग्यारेन्टेड इनर्जी) आपूर्ति गर्ने गरी प्राधिकरणसँग सम्झौता गरेको छ। यहाँबाट दैनिक नौघण्टा विद्युत् उत्पादन हुनेछ। प्लान्ट सञ्चालनमा आएपछि कुलेखानी जलाशययुक्त र कालीगण्डकी ए, मध्यमर्स्याङ्दी, मर्स्याङ्दी, चिलिमेलगायत अर्धजलाशययुक्त आयोजनामा दिउँसोमा पानी संकलन गर्न सहयोग पुग्ने प्राधिकरणले जनाएको छ।

श्रोत : नयाँ पत्रिका, २०७६/१२/०२

## अपर तामाकोसी बाँधको परीक्षण सोमबारदेखि

बाँधभन्दा तल्लो तटीय क्षेत्रमा तामाकोसी नदीमा पानीको सतह धेरै घटबढ भइरहन सक्छ

माथिल्लो तामाकोसी अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको बाँध क्षेत्रका संरचना (हेडवर्क्स)को प्राविधिक परीक्षण सोमबारदेखि सुरु हुने भएको छ। राष्ट्रिय गौरवको सूचीमा समेत रहेको बहुप्रतीक्षित ४ सय ५६ मेगावाटको उक्त आयोजनाको बाँध, इन्टेक, बालुवा थेग्र्याउने पोखरी, गेट, स्पटलगायतका संरचनाको प्राविधिक परीक्षण ३ चैतदेखि सुरु गरिने भएको हो। सकेसम्म छिटो सञ्चालनमा ल्याउन समानान्तर रूपमा काम सम्पन्न गर्दै जाने लक्ष्यअनुसार परीक्षण सुरु गर्न लागिएको आयोजना निर्माण कम्पनी माथिल्लो तामाकोसी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत विज्ञानप्रसाद श्रेष्ठले बताए।

'परीक्षणको यो प्रक्रियागत नियमित काम नै हो,' उनले भने, 'समानान्तर रूपमा कामहरू सम्पन्न गर्दै गए आयोजना चाँडो सञ्चालनमा ल्याउन सकिन्छ।' उनका अनुसार बाँध संरचनाको प्राविधिक परीक्षण सक्न कम्तीमा एक साता र बढीमा दुई साता सम्म लाग्न सक्छ। बाँध संरचनाको प्राविधिक परीक्षणका क्रममा आयोजनाको जलाशयमा पानी भर्नुपर्ने (सञ्चय गर्नुपर्ने) र आवश्यकताअनुसार छोड्नुपर्ने हुन्छ। यसरी नदीको पानी थुन्दा र खोल्दा त्यसले नदीको बहावसमेत घटबढ हुन जान्छ। त्यसबाट पर्ने असरदेखि सतर्क रहन कम्पनीले बाँधदेखि माथिल्लो र तल्लो तटमा बस्ने स्थानीय बासिन्दालाई आग्रह गरेको छ। वर्षा सुरु हुनुपूर्व नै सुक्खा मौसममै परीक्षण गर्न सहज हुने भएकाले समेत परीक्षण सुरु गर्न लागिएको श्रेष्ठले जानकारी दिए।

उनका अनुसार बाँधभन्दा तल्लो तटीय क्षेत्रमा पर्ने लामाबगर, छेतछेत, गोंगर, जगत, मन्थली, टुनिटार, जामुने, भोर्ले र सिंगटी बजारसम्म तामाकोसी नदीमा पानीको सतह धेरै घटबढ भइरहन्छ। दोलखाको सिंगटी बजारदेखि सिन्धुलीको खुर्कोटमा पर्ने तामाकोसी र सुनकोसी नदीको संगमस्थलसम्म तामाकोसी नदीमा माछा मार्ने, नुहाउने, पौडी खेल्ने, लुगा धुने वा वस्तुभाउ लैजानेजस्ता काम नगर्न कम्पनीले अनुरोध गरेको छ। आयोजनाको बाँध संरचनाको परीक्षण सकिएपछि प्रसारण लाइन संरचनाको परीक्षण सुरु गरिने उनले बताए।

आयोजनाको ७६ मेगावाटको पहिलो युनिट चालू आर्थिक वर्षको असार मसान्तभित्र सञ्चालनमा ल्याइसक्ने आयोजनाले बताउँदै आएको छ। आयोजनाका करिब सबै निर्माण सकेर परीक्षणका क्रममा रहे पनि दुईवटा ठाडो सुरुङमा पेनस्टक पाइप जडानको काम भने अझै सकिएको छैन।

श्रोत : कान्तिपुर, २०७६/१२/०२

# आफ्नै नियम लत्याउँदै विद्युत् नियमन आयोग

काठमाडौं — विद्युत् नियमन आयोगले आफ्नै ऐन र आफैंले बनाएको निर्देशिकाविपरीत दुई आयोजनालाई विद्युत् खरिद सम्झौता (पीपीए) को सहमति दिएको पाइएको छ। ऐनमा भएको प्रावधान र निर्देशिकाविपरीत आयोगले दुई सोलार आयोजनाको पीपीए गर्न स्वीकृति दिएको हो।

कास्कीमा नेपाल सोलार फार्मले बनाउन लागेको ४ मेगावाट क्षमताको सोम राधाकृष्ण सोलार फार्म आयोजना र नवलपरासीमा नेसनल सोलार पावर कम्पनीले बनाउन लागेको ५ मेगावाटको ग्रिड कनेक्टेड सोलार आयोजनाका लागि ऐनविपरीत पीपीए सहमति दिएको छ। आयोगले दुवै आयोजनालाई फागुन ५ मा पीपीएको सहमति दिएको हो।

विद्युत् नियमन आयोग ऐनअनुसार आयोगले पीपीएमा सहमति दिनुपूर्व सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था छ। सोही प्रावधानको कार्यान्वयन गर्न आयोगले सार्वजनिक सुनुवाइ निर्देशिका नै बनाएको छ। ऐनको धारा २१ मा आयोगले महसुल निर्धारण गर्नुपूर्व तोकिएबमोजिम सार्वजनिक सुनुवाइ गर्नुपर्ने भनिएको छ। उपभोक्ताबाट असुल हुने विद्युत् महसुल, उत्पादक र खपतकर्ताबीच विद्युत् खरिदबिक्रीको महसुल दर, उत्पादित विद्युत् खरिदबिक्री गर्न अनुमतिपत्र प्राप्त व्यक्तिबीच पीपीए गर्न पनि आयोगले सार्वजनिक सुनुवाइ गर्नुपर्छ। आयोगले आफ्नो कारबाहीसँग सम्बन्धित अन्य विषयमा समेत आवश्यकताअनुसार सार्वजनिक सुनुवाइ गर्न सक्ने ऐनमा उल्लेख छ।

यी आयोजनाबाट उत्पादित विद्युत् प्रतियुनिट १६ रुपैयाँ ६० पैसा लागत हुने गरी आयोगले पीपीए स्वीकृत गरेको हो। यी आयोजनालाई प्राधिकरणले प्रतियुनिट ६ रुपैयाँ ६० पैसा तिर्नेछ भने बाँकी रकम एडीबीको भायबिलिटी ग्याप फन्डिङमार्फत प्राप्त हुनेछ। आयोगका अध्यक्ष दिल्ली सिंह भने प्राधिकरणले तय गरेको पोस्टेट रेटभन्दा कम मूल्य तिर्नुपर्ने भएकाले सार्वजनिक सुनुवाइ नगरिएको बताउँछन्। प्राधिकरणले अन्य सोलार आयोजनाबाट विद्युत् किन्दा प्रतियुनिट ७ रुपैयाँ ३० पैसा तिर्ने गरे पनि यो आयोजनालाई ६ रुपैयाँ ६० पैसा मात्रै तिर्ने उनको भनाइ छ।

'सरकार र प्राधिकरणले पोस्टेडरेट कायम गरिसकेका छन्। छिटोछरितो काम गर्न प्राधिकरणले दिएको निवेदनअनुसार पीपीए गर्न सहमति दिइएको हो,' उनले भने, 'प्राधिकरणले यी आयोजनालाईपोस्टेड रेटभन्दा कम पैसा तिर्ने भएकाले विद्युत् अरूभन्दा सस्तो हुन्छ।' ग्लोबल क्लाइमेट फन्डमार्फत एडीबीले दिने भायबिलिटी ग्याप फन्डिङका लागि प्राधिकरणले

प्रतिस्पर्धामार्फत दुई आयोजनालाई छानेको थियो। ‘२० महिनाभित्र आयोजना सक्नुपर्ने एडीबीसँगको सम्झौतामा उल्लेख छ,’ सिंहले भने, ‘सरकारले नीतिगत निर्णय गरिसकेकाले हामीले सक्दो छिटो काम सक्न प्रशासनिक झमेला नहोस् भनेर सहमति दिएका हौं।’

आयोग स्थापना भएको १० महिनामा यी दुई वटा सोलार आयोजनासहित जम्मा तीन वटा आयोजनाका लागि मात्रै पीपीए स्वीकृत भएको छ। प्राधिकरण र आयोगबीच क्षेत्राधिकार विवाद हुँदा प्राधिकरणले आयोगलाई अन्य आयोजनाको पीपीए स्वीकृतिका लागि पठाएको छैन। आयोग गठन हुनुअघि प्राधिकरण आफैंले पीपीएको सर्त तय गर्दै आएको थियो। तर अहिले पीपीएको पर्खाइमा रहेका दर्जनौं आयोजना प्रभावित छन्। आयोगले तय गरेको पीपीएको सर्तमा प्राधिकरण असन्तुष्ट भएकाले विवाद समाधानका लागि आयोग र प्राधिकरणले समिति गठन गरेको समितिबीच छलफल पनि भइरहेको छ। १० महिनामा प्राधिकरणले चार वटा आयोजनाका लागि मात्र पीपीए सहमति माग्दै आयोगलाई पत्र पठाएको छ।

श्रोत : क्यापिटल नेपाल, २०७६/१२/०२

# नियमन आयोगले बिजुली महशुलको विश्लेषणको काम सक्यो, सार्वजनिक सुनुवाइलगतै नयाँ दर तोक्ने

काठमाडौं । विद्युत नियमन आयोगले नयाँ विद्युत महशुल लागु गर्न विश्लेषणको काम सकेको छ । आयोगले आगामी चैत १७ गते सार्वजनिक सुनुवाई गरेपछि नयाँ महशुल दर कायम गर्ने भएको छ । आगामी चैत मसान्तभित्र नयाँ महशुल दर निर्धारण गर्नुपर्ने वाध्यता आयोगलाई छ ।

नेपाल विद्युत प्राधिकरणले प्रस्ताव गरेको दरको विश्लेषणको काम सकिएको आयोगका सदस्य रामकृष्ण खतिवडाले बताए । सार्वजनिक सुनुवाइ सकेपछि आयोगले नयाँ दर तोक्ने उनले स्पष्टपारे ।

नियमन आयोगले चैतभित्र बिजुलीको महशुल समायोजन गर्ने, १० युनिटसम्म निःशुल्क दिने

आयोगले जारी गरेको निर्देशिकामा २ महिनाभित्र महशुल समयोजन गर्ने वा नगर्ने निर्णय हुनुपर्ने व्यवस्था छ । आयोगले विद्युत प्राधिकरणबाट फागनु १ गते निवेदन प्राप्त गरेको थियो ।

प्राधिकरणको माघ ८ मा बसेको ८२१ औं सञ्चालक समिति बैठकले महशुल महशुल निर्धारण तथा पुनरावलोकनका लागि पुनः आयोगमा प्रस्ताव गरेको थियो ।

आयोगले साना उपभोक्तालाई १० युनिटसम्म निःशुल्क गरेर ११ युनिटदेखि माथि नयाँ महशुल तोक्ने तयारी गरेको छ । विद्युत प्राधिकरणले प्रस्ताव गरे पनि आयोगको निर्णयविना महशुल बढाउन पाइन्दैन ।

हाल डेडिकेटेड लाइनमा ६५ प्रतिशतसम्म अतिरित्त शुल्क लिंदै आएकोमा यसलाई घटाएर २० प्रतिशतमा झार्ने प्रस्ताव प्राधिकरणको छ । तर, ग्राहस्थ उपभोक्तालाइ भने प्रस्ताव गरेको छैन ।

प्राधिकरण र उद्योगीबीच लोडसेडिङ्ग हटेपछि डेडिकेटेड लाइन र ट्रंकलाइनको बिजुली महशुल भुक्तानीको विषयमा विवाद छ । उद्योगीहरुबाट प्रधिकरणले ९ अर्ब रुपैयाँ बढी महशुल उठाउन बाँकी रहेको दावी गरेको छ ।

यसअघि आयोग गठन नभइसकेको र नयाँ निर्देशिका नहुँदा विद्युत प्राधिकरणले महशुल बढाउनका लागि प्रस्ताव गर्न पाएको थिएन । वितरण अनुमति प्राप्त संस्थाले पछिल्लो दुई वर्षको लेखापरीक्षण प्रतिवेदन, चालु आर्थिक वर्ष र आगामी वर्षको प्रक्षेपित वित्तीय विवरण आयोगमा पेश गर्नुपर्ने छ ।

बिजुली बिक्रिबाट प्राप्त हुने आम्दानी, ऊर्जा उपभोग शुल्क, लगानीबाट प्राप्त हुने वार्षिक प्रतिफल, अन्य स्रोतबाट हुने आम्दानी, विद्युत खरिद परिमाण र लागत, विद्युत उत्पादन, प्रसारण र वितरण प्रणालीको वार्षिक खर्च, ब्याज भुक्तानी, वार्षिक र कर्मचारी खर्चको विवरण प्राधिकरणले पेश गरेको छ ।

विद्युत प्राधिकरण २ वर्षदेखि लागातार नाफामा गएको छ । गत आर्थिक वर्षमा ७ अर्ब २० करोड रुपैयाँ खुदनाफा गरेको प्राधिकरणले चालु आर्थिक वर्षमा ९ अर्ब रुपैयाँ नाफा गर्ने योजना सार्वजनिक गरेको छ ।

श्रोत : ऊर्जा खबर, २०७६/१२/०२

## सीता हाइड्रो पावरले ६५ मेगावाटको दूधखोला निर्माण गर्ने

काठमाडौं । सीता हाइड्रो पावर कम्पनीले ६५ मेगावाटको दूधखोला जलविद्युत आयोजना निर्माण गर्ने भएको छ । कम्पनीले गण्डकी प्रदेशकाे मनाङस्थित दूध खोलामा पहिचान भएको आयोजना अघि बढाउन लागेकाे हाे ।

आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत हुने प्रक्रियामा छ । मन्त्रालयले प्रतिवेदन स्वीकृत गर्न प्रक्रिया पूरा गर्ने क्रममा सराेकारवालासँग राय तथा सुझाव मागेकाे छ । मन्त्रालयले अबकाे २ साताभित्र प्राप्त हुने गरी सराेकारवालाहरूसँग राय तथा सुझाव मागेकाे हाे ।

सराेकारवालाले आयोजना निर्माण गर्दा वातावरणीय प्रभाव नपर्ने सुझाव दिएकाे अवस्थामा मन्त्रालयले कम्पनीले पेश गरेकाे प्रतिवेदन स्वीकृत गर्नेछ । विद्युत विकास विभागले २०७४ जेठमा आयोजनाकाे अध्ययन अनुमतिपत्र जारी गरेकाे थियाे ।

आयोजना निर्माण गर्न ८.७९२ हेक्टर सरकारी वन र ७.७५ हेक्टर निजी वन अधिग्रहण गर्नुपर्ने कम्पनीले मन्त्रालयमा पेश गरेकाे प्रतिवेदनमा उल्लेख गरेकाे छ ।आयोजना निर्माण गर्न याे क्षेत्रफलमा पर्ने करिब ४ सय १७ रुख कटान गर्नु पर्ने पनि उल्लेख छ ।

आयोजना क्षेत्रमा पर्ने १५ घरधुरी प्रत्यक्ष प्रभावित हुने देखिएकाे कम्पनीले जनाएकाे छ । आयोजनाको बाँधबाट करिब ४.६६ किलोमिटर मुख्य सुरुङ निर्माण गरी दूध खोलाको पानी विद्युतगृहमा खसाली विद्युत उत्पादन गरिनेछ । विद्युत उत्पादनपछि विद्युतगृहबाट निस्कने पानी १ सय ५० मिटर लामो कल्भर्ट निर्माण गरी पुनः खोलामा छोड्ने गरी संरचना निर्माण हुनेछ ।

श्रोत : ऊर्जा खबर, २०७६/१२/०३

# कोरोना असरले जापानमा विद्युत माग घट्यो

टोकिया । विश्व भर कोरोना भाइरसको संक्रमण बढ्दै जाँदा जापानमा विद्युत खपत गिरावट आउन सुरु गरेको छ । कोरोनाको संक्रमण बढ्न नदिन ठूला उद्योगधन्दा तथा कलकारखाना धमाधम बन्द हुन थालेपछि विद्युत खपत पनि घटेको हो ।

केही सातादेखि उद्योगहरु बन्द हुँदा विद्युत मागमा उच्च गिरावट आएको चुबु इलेक्ट्रिक पावर कम्पनीका अध्यक्ष सटोरु काटसुनोलाई उद्द्त गर्दै रोयटर्सले जनाएको छ । काटसुनोका अनुसार औद्यौगिक क्षेत्रको विद्युत मागमा आएको गिरावटको वास्तविक तथ्याङ्क आउन बाँकी छ ।

कोरोनाको संक्रमण बढ्ने क्रममा रहेकाले यसले जापानको आर्थिक विकासमा गम्भिर असर पर्ने उनले बताए । जापानले थर्मल प्लान्ट, प्राकृतिक ग्यास, कोइला, आणविक भट्टी र नवीकरणीउ ऊर्जाको स्रोतबाट विद्युत उत्पादन गर्ने गर्दछ । कूल मागको ८० प्रतिशत बढी विद्युत थर्मल प्लान्टबाट उत्पादन हुँदै आएको छ ।

जापानले आयातित पेट्रोलियम पदार्थबाट थर्मल प्लान्ट सञ्चालन गर्छ । कारोना असरले जापानसँगै अन्य देशमा पनि विद्युत खपत परिमाणमा गिरावट आइरहेको छ । कारोनाको उच्च जोखिम भएका धेरैमा बढी प्रभाव परेको छ । सामान्य अवस्थाम आउन अझै केही समय लाग्ने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्

श्रोत : अन्नपूर्णा पोष्ट, २०७६/१२/०३

# सबस्टेसन बनाउन उद्योगले जग्गा दिने

काठमाडौं : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले चोभारमा सवस्टेसन बनाउन जमिन उपलब्ध गराउने भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनको अग्रसरतामा दुई मन्त्रालयबीच आइतबार भएको छलफलमा उद्योगमन्त्री लेखराज भट्टले सवस्टेसनका लागि जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाएका हुन्।

करिब २० वर्षअघि सुरु भएर पनि निर्माण हुन नसकेको चोभार–खोकना–चापागाउँ १ सय ३२ केभी प्रसारण लाइनमार्फत भक्तपुरमा बिजुली लैजाने योजना अब भने सम्भव हुने भएको छ।

ललितपुरको खोकना र चापागाउँबासीको निरन्तरको अवरोधका कारण प्रसारण लाइन बन्न नसकेपछि ऊर्जा मन्त्रालयले त्यसको विकल्पमा चोभारमा सवस्टेसन निर्माण गरी वैकल्पिक वितरण प्रणालीमार्फत भक्तपुर विद्युत् पुर्‍याउने योजना अघि सारेको हो। तर, सवस्टेसन निर्माण गर्न जमिन नहुँदा काम अघिबढ्न सकेका छैन।

त्यस स्थानमा सरकारले बन्द भएको हिमाल सिमेन्ट कारखानाको जमिन सुक्खा बन्दरगाह निर्माण गर्न खरिद गरेको थियो। उद्योगअन्तर्गतको नेपाल इन्टरमोडल यातायात विकास समितिले सुक्खा बन्दरगाह निर्माणको काम गरिरहेको छ। कति जमिन कहिलेसम्म उपलब्ध गराउने भन्नेबारे अध्यन गर्न दुवै मन्त्रालयका उच्च अधिकारीको टोली चोभार पुगेर स्थलगत अध्ययन गर्ने र टोलीको सिफारिसमा काम अघि बढाउने सहमति दुई मन्त्रालयबीच भएको छ।

ऊर्जामन्त्री पुन र उद्योगमन्त्री भट्टसमेत प्रस्तावित सवस्टसन निर्माणस्थलमै गएर जमिनबारे अन्तिम टुंगो लगाउने ऊर्जाले जनाएको छ। चोभारमा सवस्टेन नबनाउँदा विद्युत् प्राधिकरणको मातातीर्थ सवस्टेसनमा त्रिशूली र मस्र्याङदी करिडोरबाट आउने बिजुली काठमाडौं ल्याउन असम्भव प्रायः छ।

ऊर्जा मन्त्रालयमा भएको छलफलमा मन्त्री पुन र भट्टका साथै ऊर्जा मन्त्रालयका सचिव दिनेश घिमिरे, सहसचिव प्रवीणराज अर्याल, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा.बैकुण्ठ अर्याल, सहसचिव एवं सुक्खा बन्दरगाह निर्माणको जिम्मेवारी पाएको नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक

नवजराज ढकाललगायत सहभागी थिए।

श्रोत : **बिज खबर**,२०७६/१२/०३

# पञ्चकन्या समुहको नेपाल विद्युत प्राधिकरणलाई चिठी : 'हामी ट्रंकलाईनको महशुल तिर्न सक्दैनौं'

काठमाडौं । पञ्चकन्या समुहले नेपाल विद्युत प्राधिकरणलाई प्राधिकरणले तोकेको ट्रंकलाईनको छुट रकम तिर्न नसक्ने बताएको छ । कम्पनीले आईतबार एक चिठी लेख्दै प्राधिकरणले आफुले उपयोग नगरेको ट्रंकलाईनको छुट रकम तिर्न नसक्ने बताएको हो । नेपाल विद्युत प्राधिकरणले गत फागुन ११ गते पञ्चकन्या समुहलाई छुट रकम बापतको ५ करोड ७४ लाख २१ हजार ८ सय ९३ र ४ करोड ७३ लाख ८७ हजार ५ सय ९९ रुपैयाँको बिल प्राप्त गरेको थियो । सोही अनुसार उक्त महशुलसहितको बिजुली आफुले नचलाएको भन्दै समुहले प्राधिरकणमा चिठी पठाएको हो । प्राधिकरणले कम्पनीलाई ३५ दिनभित्र उक्त रकम जम्मा गर्न पनि निर्देशन दिएको थियो । तर कम्पनीले सोमबार प्राधिकरणलाई चिठी पठाउँदै आफ्नो स्थापना काल देखिनै साधारण लाइन लिई हाल सम्म संचालन हुदैं आएको कहिले पनि आफ्नो साधारण लाइनबाट अन्य लाइनमा परिर्तनको लागि कुनै पनि माध्यमले त्यस कार्यालय समक्ष अनुरोध नगरेको हुनाले उक्त रकम तिर्न नसक्ने बताएको हो । यस्तै कम्पनीले ट्यारिफ परिवर्तन गरिनुको कारणसमेत स्पष्ट पार्न नेपाल विद्युत प्राधिरकरणलाई अनुरोध गरेको छ । कम्पनीले उद्योगहरुको सम्वाद तथा सहमती विना उद्योगहरु लाई अन्य फिडरमा स्थानान्तरण गर्नु हुदैन भनि निवेदन दिदा पनि नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र भैरहवाकोे मनोमानी तथा एकलौटी निर्णयले फिडर परिवर्तन हुन जानुको छानबिन गर्नु पर्ने बताएको छ । कम्पनीले आफ्नो उद्योगहरुले विभिन्न समय–समयमा विद्युतको महशुल बुझाएको र २ प्रतिशत छुट सहुलियत पनि लिएको बताउँदै बाँकी रकम तिर्न नसक्ने समेत चिठीमा उल्लेख गरेको छ ।

श्रोत : कान्तिपुर, २०७६/१२/०४

# स्थानीयले बन्न दिँदैनन् प्रसारण आयोजना

पर्वत — कालीगण्डकी र आसपासका नदीमा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्ने बाटो कालीगण्डकी प्रसारण करिडोर आयोजना निर्माण पर्वतको खुर्कोटमा ०७३ असोजमा सुरु भयो।

यो आयोजना निर्माण सुरु भएको २८ महिना अर्थात् ०७५ माघमा सम्पन्न हुनुपर्ने थियो। तर अहिलेसम्म काम सकिएको छैन। डेढ वर्षमा सक्ने गरी गत चैतमा सुरु भएको मोदी–लेखनाथ प्रसारण लाइनमा स्थानीयको अवरोधले टावर निर्माण अघि बढ्न सकेको छैन।

कालीगण्डकी र मोदी–लेखनाथ दुवै प्रसारण लाइन राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुन्। ऊर्जा मन्त्रालयअन्तर्गत विद्युत् प्राधिकरणले निर्माण अघि बढाएका दुवै आयोजनामा बजेटको कुनै अभाव नहुने आयोजनाको दाबी छ तर पटक–पटकको मानवीय अवरोधले दुवै आयोजना समयमा निर्माण सक्न मुस्किल भएको छ। करिब १३ महिना अवधि गुज्रिएको कालीगण्डकी प्रसारण लाइनमा सरकारी अवरोधले समेत लामो समय काम रोकिएको थियो। त्यसमाथि प्रसारण लाइनका टावर विस्तारका क्रममा स्थानीय बासिन्दाको पटकपटक अवरोध झेल्नुपरेको छ।

कालीगण्डकी र यो नदीको करिडोरमा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्ने गरी बनाउन लागिएको आयोजना हो, कालीगण्डकी प्रसारण लाइन। ०६९ देखि प्राधिकरणले कुस्मा–२ खुर्कोट र म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ दानामा सबस्टेसनका लागि जग्गा अधिग्रहण सुरु गरेको थियो। खुर्कोटमा १५४ रोपनी जग्गाको मुआब्जा दिएर सबस्टेसन निर्माण अघि बढेको हो।

उतिबेलै तीन वर्षमा आयोजनाको काम सक्ने भनिए पनि स्थानीयले मुआब्जामा चित्त नबुझेको भन्दै अवरोध गरेपछि चार वर्ष आयोजनाको काम सुरु हुन सकेन। पर्वतका तत्कालीन प्रमुख जिल्ला अधिकारी झंकनाथ ढकालको अगुवाइमा मुआब्जा विवाद करिब एक वर्ष लगाएर टुंगिएपछि ०७३ असोजमा काम सुरु भएको थियो। काम थालेको केही समयमै आयोजना प्रभावित म्याग्दी र पर्वतका स्थानीयले पटकपटक अवरोध गर्दा सुरुको चरणमै आयोजनाले अपेक्षित गति लिन नसकेको आयोजना प्रमुख चन्दनकुमार घोषले बताए।

एसियाली विकास बैंक (एडीबी) लगायत विभिन्न दातृ निकायको ऋण सहयोगमा ८ अर्ब ४२ करोडमा आयोजना निर्माण भइरहेको छ। ऊर्जा मन्त्रालय मातहत सुरु भएको काम तीव्र गतिमा अघि बढेकै बेला ०७५ कात्तिकदेखि करिब ४ महिना काम रोकियो। टावर रहने स्थानका ४ हजारभन्दा बढी रुख कटानको अनुमति नपाउँदा करिडोरको टावर बनाउने काम रोकिएको थियो।

पर्वतको कुस्मा नगरपालिका र जलजला गाउँपालिका क्षेत्रमा पर्ने सामुदायिक वनका रुख कटानका लागि ०७४ पुस १३ को मन्त्रिपरिषद् बैठकले प्राधिकरणलाई अनुमति दिने निर्णय गरेको थियो। उक्त निर्णयमा कालीगण्डकी प्रसारण लाइनका ३० वटा टावर निर्माण हुने वन क्षेत्रको २.५८ हेक्टर जग्गा भोगाधिकार र ४ हजार २ सय ८ वटा रुख काट्न अनुमति दिने उल्लेख छ। दुई मन्त्रालयबीच सहमति र समन्वय नहुँदा मन्त्रिपरिषद्को निर्णय एक वर्षसम्म कार्यान्वयन हुन सकेन। यसले ०७५ असोजदेखि माघसम्म टावर निर्माणको काम रोकियो।

स्थानीयले गरेको अवरोध पनि आयोजनाका लागि लामो समय टाउको दुखाइको विषय बन्यो। पर्वतको खुर्कोट, पाङ, मल्लाज तथा म्याग्दीको पोखरेबगर, बेग खोलालगायत ठाउँका बासिन्दाले गरेको अवरोधले आयोजनाको काम छ महिनाभन्दा धेरै समय लम्बियो। 'हामीले लक्षित समयअघि नै सक्ने योजना थियो,' घोषले भने, 'ससानो समस्याले महिनौं काम रोक्नुपर्‍यो।' पर्वतको मल्लाज र खुर्कोटका बासिन्दाले टावर र विद्युत् प्रवाह हुने लाइनको त्रास हुने भन्दै पटकपटक काम रोके। म्याग्दीको पोखरेबगरवासीको आन्दोलनकै कारण तीन वटा टावर निर्माणको काम महिनौं रोकियो।
दानादेखि खुर्कोटसम्मको ३९ किमिमा पर्ने ११० वटा टावरमध्ये सबै काम अन्तिम चरणमा पुगेका बेला पोखरेबगरका तीन टावरकै कारण चार महिनासम्म लक्षित गतिमा काम हुन नसकेको आयोजनाले जनाएको छ। त्यसबाहेक मल्लाज क्षेत्रमा दुई वटा टावर आसपासका बासिन्दाको अवरोधले काम एक महिना रोकियो। यसले आयोजनालाई ठूलो नोक्सान भएको घोषको भनाइ छ। 'ठेकेदार कम्पनीलाई लाइन क्लियर गर्न नसक्दा हामीले पेनाल्टी तिर्नुपर्छ,' उनले भने, 'हाम्रा कारणले कम्पनीले धेरै समय काम गर्न पाएन।'

भारतीय टाटा प्रोजेक्टले आयोजनाको काम गर्ने जिम्मा लिएको हो। आयोजनाको दाना–खुर्कोट प्रसारण लाइनमा २२०/१३२ केभीएका टावरबाट दानादेखि खुर्कोटसम्म ५०० तथा खुर्कोटदेखि बुटवलसम्म १५ सय मेगावाट विद्युत् प्रसारण क्षमता छ। आयोजना निर्माणको अन्तिम चरणमा पुगे पनि अवरोधका शृंखला रोकिएका छैनन्। 'अहिले पनि खुर्कोटमा केही समस्या छ,' घोषले भने, 'त्यो समाधान भएर सरासर काम गर्न पाए अर्को महिना सक्ने लक्ष्य छ।'

टावर रहने स्थान आसपासका बस्तीवासीको अवरोधले मोदी–लेखनाथ प्रसारण लाइनको काम रोकिएको छ। मोदी–२ देउपुरदेखि मोदीकै मख सेराबेंसी हुँदै कास्कीको नयाँपुल क्षेत्रका बासिन्दाको अवरोधले गत महिनादेखि प्रसारण लाइनको सबै काम रोकिएको हो। घरका छाना र विद्यालयलाई बीचमा पारेर प्रसारण लाइन विस्तार हुन लागेको भन्दै सेराबेंसीका ६० परिवारले आयोजनाको काम रोकेका छन्।

विद्युत् प्राधिकरणले यसअघि आयोजनाको डिटेल सर्भेका बेला गाउँदेखि करिब चार सय मिटर माथि डङडङे भीरको सामुदायिक वन हुँदै लाइन विस्तार गर्ने आश्वासन पूरा नगरी गाउँको बीचबाटै प्रसारण लाइन विस्तार गरेको भन्दै स्थानीयले काम रोकेपछि कामदारसमेत बिदामा पठाउनुपरेको आयोजना प्रमुख रोशन अग्रवालले बताए। 'एउटा टावरमा अवरोध हुनु भनेको आयोजा नै नबन्नु जस्तै हो,' उनले भने, 'उहाँहरूले बुझ्नुभएको छैन।'

मोदी खोला र आसपासमा उत्पादित विद्युत् राष्ट्रिय प्रसारणमा जोड्ने गरी निर्माणाधीन प्रसारण लाइनको दूरी ४२ किलोमिटर छ। जसमा १ सय ३८ टावर रहनेछन्। 'कुलमान घिसिङ सरसम्म पनि यो विषय पुगेको छ,' अग्रवालले भने, 'बस्तीलाई असर पर्ने गरी हामीले काम गर्दैनौं। असर परेको क्षेत्रमा पर्याप्त मुआब्जा दिन्छौं। उहाँहरूको विरोध केका लागि हो, बुझ्नै सकिएको छैन।'

प्रसारण लाइनको प्रभावित क्षेत्रका बासिन्दाले गोठ र शौचालयलाई समेत घर दाबी गर्दै अनावश्यक मुआब्जा माग्ने गरेको प्रशासनको दाबी छ। गत महिना जलजला–२ मल्लाजका केही स्थानीयले टावरले असर नै नपुर्‍याउने स्थानमा रहेका शौचालय र गोठको समेत घरसरहको मुआब्जा दाबी गर्दै काम रोकेका थिए। यस विषयमा सहायक प्रमुख जिल्ला अधिकारी छविलाल सुवेदीले प्रशासन परिसरमै स्थानीयलाई झपारेका थिए। 'घरलाई नोक्सान पर्ने भए मुआब्जाका लागि हामीले दबाब दिन्छौं,' सुवेदीले भनेका थिए, 'नत्र विकासका काममा अवरोध गर्नेलाई छाड्दैनौं।'

श्रोत : नयाँ पत्रिका, २०७६/१२/०४

## सुपर दोर्दी 'ख'ले एक वर्षभित्र उत्पादन थाल्ने

पूर्वी लमजुङको दोर्दी गाउँपालिका–६, ढोडेनीको ताँजेमा निर्माणाधीन ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' जलविद्युत् आयोजनाले एक वर्षभित्र उत्पादन थाल्ने भएको छ। सुपर दोर्दी इन्भेस्टमेन्ट कम्पनीको बेंसीसहरमा आयोजित पाँचाैं साधारणसभामा सो कुरा बताइएको हो। सभाले कम्पनीलाई पिपुल्स हाइड्रो कम्पनी लिमिटेडमा गाभ्ने निर्णयसमेत गरेको छ। पिपुल्स हाइड्रो कम्पनी लि.का अध्यक्ष पूर्वसचिव एवं संविधानसभाका सदस्य उदय नेपाली श्रेष्ठले सेयरधनीले सञ्चालकप्रति व्यक्त गरेको आशालाई व्यवहारमा कार्यान्वयन गर्न आफूहरू खरो रूपमा क्रियाशील रहेको बताए।

कार्यक्रममा सुपर दोर्दी इन्भेस्टमेन्ट कम्पनीका सल्लाहकार एवं संविधानसभा सदस्य जमिन्द्रमान घलेले उक्त आयोजना नेपाली पुँजी, प्रविधि र जनशक्तिसमेत नेपाली भएर उत्पादन गरेको नमुना आयोजना, सम्पूर्ण नेपालीले गर्व गर्न लायकको भएको बताए। उनले यसको अधिकांश निर्माण संरचना अन्डरग्राउन्ड रहेको जानकारी दिए। पिपुल्स हाइड्रो कम्पनीका सञ्चालक केशवबाबु रायमाझीले कम्पनीको समग्र वस्तुस्थितिबारे जानकारी दिएका थिए।

उनका अनुसार निर्माण खर्चमा ३० प्रतिशत रकम जिल्लावासीले र ७० प्रतिशत रकम सानिमा बैंकको अगुवाइमा ७ वटा बैंकले लगानी गरेका छन्। उनले भने, 'अबको एक वर्षमा सेयरधनी सबैको उपस्थितिमा उत्सवका साथ कम्पनीले बत्ती बाल्ने काम गर्नेछ र यसको प्रतिफलले सबै सेयरधनीलाई उत्साहित बनाउनेछ।' पिपुल्स हाइड्रो कम्पनीका सञ्चालक एवं आयोजना निर्देशक अर्जुन गौतमले आयोजनाको निर्माण चरणको वस्तुस्थितिबारे जानकारी दिँदै आयोजनाको ८५ प्रतिशत काम सम्पन्न भएको बताए।

८ अर्ब ८० करोडको स्वदेशी लगानीमा निर्माण भइरहेको ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख' जलविद्युत् आयोजनाले पूर्वाधार निर्माण, सडक र विद्युतीकरणको काम गरिसकेको गौतमले बताए। उनका अनुसार आयोजनाको सुरुङ खन्ने काम ७५ प्रतिशत सकिएको छ। सुरुङको हेड रेस ५.१ किलोमिटर रहेको छ। आयोजनामा सिभिलतर्फ हाई हिमालयन हाइड्रो कन्स्ट्रक्सन, बज्रगुरु कन्स्ट्रक्सन र बिपिसी कम्पनीले काम गरिरहेका छन्। आयोजना निर्माण भएपछि उत्पादित विद्युत् लमजुङको कीर्तिपुर सबस्टेसनमा जोडिनेछ। हाल उक्त सबस्टेसनको काम पनि तीव्र रूपमा अघि

बढेको छ।

श्रोत : नयाँ पत्रिका, २०७६/१२/०४

# विद्युत् उत्पादनमा कोरोना प्रभाव : विद्युत् उत्पादनको सरकारी लक्ष्य पूरा नहुने

५ सय मेगावाटका ६० भन्दा बढी आयोजना प्रभावित, निर्माणाधीन १५ सय मेगावाटका आयोजना प्रभावित

चालू आर्थिक वर्षभित्र कम्तीमा १ हजार मेगावाट विद्युत् उत्पादन सुरु गर्ने सरकारको लक्ष्य पूरा नहुने देखिएको छ। कोरोना भाइरसको सन्त्रासले नेपालको ऊर्जा क्षेत्रलाई समेत प्रत्यक्ष प्रभाव पारेकाले उक्त लक्ष्य पूरा नहुने भएको हो।

नेपालमा हालसम्म कोरोनाको संक्रमण नदेखिए पनि डरले निर्माणाधीन जलविद्युत् आयोजनाको काम रोकिएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष शैलेन्द्र गुरागाईंले बताए। 'त्रासकै कारण ३५ सय मेगावाटभन्दा बढी क्षमताका ६० जलविद्युत् आयोजनाको काम रोकिएको छ,' उनले भने, 'यीमध्ये १५ सय मेगावाटका निर्माणाधीन ३० आयोजनामा भने कोरोनाको त्रासले प्रत्यक्ष रूपमा काम रोकिएको छ।' उनका अनुसार चिनियाँ ठेकेदार, इन्जिनियर, परामर्शदाता, कामदार, उपकरण, सामग्रीलगायत प्रयोग भइरहेका ३० वटा आयोजनामा काम रोकिएको छ।

चीनबाहेक अन्य मुलुक तथा नेपालकै इन्जिनियर, ठेकेदार, कामदार प्रयोग भएका आयोजनाको कामसमेत अहिले रोकिन थालेको छ। 'दुई सयजना कामदार रहने ५७ मेगावाटको सान्जेनमा अहिले १५ जनाले मात्रै काम गरिरहेका छन्। हवाई तथा सडक यातायात, नाका, सामान ओसारपसारमा बन्देज लगाइएसँगै जलविद्युत्को काम रोकिएको उनले बताए।

सरकारले भने चालू आर्थिक वर्षमा माथिल्लो तामाकोसी, सान्जेन, रसुवागढी, मध्यभोटेकोसी तथा निजी क्षेत्रका आयोजनाबाट कम्तीमा १ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो। तर, यी आयोजनामा पनि प्रत्यक्ष–अप्रत्यक्ष कोरोना प्रभाव देखिएको छ। १ सय ११ मेगावाटको रसुवागढीमा २ सय चिनियाँ कामदार कार्यरत थिए। तर, 'स्प्रिङ फेस्टिभल' मनाउन चीन गएका ७० कामदार कोरोना देखिएपछि फर्किन सकेका छैनन्। त्यस्तै, कोरोना प्रभावकै कारण इलेक्ट्रो मेकानिकल सामानको आपूर्ति तथा जडान गर्न चिनियाँ जनशक्ति नआउँदा ५७ मेगावाटको सान्जेनको काम रोकिएको छ। उक्त आयोजनाको इलेक्ट्रो मेकानिकल उपकरण जडान कार्य ५० प्रतिशत मात्रै पूरा भएको छ।

निर्माणाधीन सम्पूर्ण आयोजना एक वर्ष धकेलिँदा आयोजनामा लगानी भएको ऋणको ब्याज बढ्छ। यसले समग्र आयोजनाको लागत बढाउने इप्पान अध्यक्ष गुरागाईं बताउँछन्। यसमा सरकारले आयोजनाको लाइसेन्सको म्याद एक वर्ष थप्ने, ब्याजदर घटाउने, रोयल्टी मिनाहा गर्नेजस्ता सुविधा दिनुपर्ने उनको भनाइ छ।

'अमेरिकामा ट्रम्पले कोरोना प्रभावको अवधिमा सबै ऋणको ब्याज शून्य प्रतिशत गर्ने घोषणा गरेका छन्, युरोपमा पनि ०.२५ प्रतिशत अधिकतम ब्याज हुने गरी ब्याजको घोषणा गरेको छ, हाम्रोमा १५–१६ प्रतिशत ब्याज छ,' उनले भने, 'नेपालमा त कोरोनाले काम रोकिएको प्रमाण लेऊ भनेर मागिँदै छ, यसको के प्रमाण पेस गर्ने हो, हामीलाई थाहा भएन।'

श्रोत : अनलाइन खबर, २०७६/१२/४

## ग्यास पाइएन ? कुलमान भन्छन्- इन्डक्सन चुल्हो बाल्नुस्

४ चैत, काठमाडौं । कालोबजारी हुन थालेपछि खाना पकाउने एलपी ग्यासको हाहाकार छ । उपभोक्ताले मागेका बेला ग्यास नपाइरहेका बेला विज्ञहरुले भने ग्यासको विकल्पको रुपमा खाना पकाउने विद्युतीय उपकरण र चुल्हो (इन्डक्सन)को प्रयोगलाई प्रोत्साहित गर्न सुझाव दिएका छन् ।

नेपालमा लोडसेडिङ हटिसके पनि अधिकांश उपभोक्ता विद्युतको उल्लेख्य उपभोगमा अभ्यस्त छैनन् । बिजुलीको बिल महंगिने पीर गरेर विद्युतीय उपकरणहरु नचलाउने बानी हटाउन यो उपयुक्त समय भएको ऊर्जा मन्त्रालयका अधिकारीहरुको पनि मत छ ।

नेपाल विद्युत् प्राधिकरणले लामो समयदेखि भारतबाट आयात हुने ग्यासलाई विद्युतमार्फत विस्थापन गर्ने बताउँदै आएको छ । ग्यास अभाव भएका बेला उपभोक्तालाई आश्वस्त पारेर अघि बढ्न विज्ञहरुले नेपाल विद्युत प्राधिकरणलाई सुझाव दिएका हुन् ।

विद्युत प्राधिकरणले पनि उपभोक्ताले ढुक्क भएर विद्युतीय उपकरण तथा इन्डक्सन चुल्हो प्रयोग गर्न सक्ने बताएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ उपभोक्तालाई ढुक्क भएर इन्डक्सन प्रयोग गर्न सुझाव दिन्छन् ।

'हामीले यसअघिदेखि नै उपभोक्तालाई इन्डक्सनको प्रयोग बढाउनुस् भन्दै आएका छौं,' उनले भने, 'यो समयमा उपभोक्ताले विश्वस्त भएर प्रयोग थाल्नुभयो भने निरास हुनुपर्दैन ।'

अहिले जाडोको हिटर पनि प्रयोग हुन छाडेकाले विद्युत वितरण प्रणालीमा इन्डक्सनको लोडले समस्या नहुने घिसिङले बताए । 'कतै कुनै फिडरमा ओभरलोड आयो भने पनि तुरुन्तै व्यवस्थापन गर्न सक्ने गरी तयारी अवस्थामा छौं,' उनले भने, 'हामीलाई बिजुलीको अभाव छैन, ग्यास नपाइए इन्डक्सनमा आउनुहोला ।'

ग्यास सस्तो कि इन्डक्सन ?

धेरै उपभोक्तालाई लाग्छ कि ग्यास भन्दा विजुलीको प्रयोग महंगो छ । तर, अध्ययनहरुले भने ग्यासभन्दा विजुलीको प्रयोग सस्तो हुने देखाएको छ ।

विद्युतीय चुल्हो प्रयोगबारे अध्ययन गरेका ऊर्जाविज्ञ प्राध्यापक डा. जगन्नाथ श्रेष्ठ एलपी ग्यासभन्दा विद्युत् सस्तो हुने बताउँछन् । विद्युतको प्रयोग देशको आर्थिक हितमा पनि हुने भएकाले सरकारले विद्युत् प्रयोगमा उपभोक्तालाई जागरुक बनाउनुपर्ने श्रेष्ठ बताउँछन् ।

'सिलिन्डर ग्यास किन्न १४ सय खर्च हुन्छ तर उक्त ग्यास बराबरको खाना पकाउन इन्डक्सनमार्फत विद्युतबाट ९ सय हाराहारीले पुग्छ । अर्कोतर्फ वातावरण प्रदूषणबाट मुक्ति मिल्छ', उनी भन्छन् ।




यो पनि पढ्नुहोस्उपभोक्तालाई ग्यास पाउन हम्मे, मन्त्रीले ढाँटे  क व्यापारीले लुकाए ?

२०७५ माघ ११ गते इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकमा रहेको ऊर्जा अध्ययन केन्द्रले खाना पकाउन एलपी ग्यास, विद्युत तथा मट्टितेलबाट लाग्ने खर्चबारे तुलनात्मक अध्ययन गरेको थियो । अध्ययनले सन् २०१९ मा नेपाल विद्युत् प्राधिकरणले तोकेको बिजुलीको विद्यमान मूल्यअनुसार ५ जनाको परिवारले १५ एम्पियरको विद्युत् महसुल अनुसार खाना बनाउन मट्टितेल प्रयोग गरियो भने मासिक १२ सय ४० रुपैयाँ खर्च हुने देखाएको थियो ।

त्यस्तै अहिले अत्यधिक प्रयोग भइरहेको एलपी ग्यासमा ५ जनाको परिवारलाई खाना बनाउँदा एक महिनामा १४ सय ७८ रुपैयाँँ खर्च हुने देखायो । तर बिजुलीको जुनसुकै माध्यमबाट ५ जनाको परिवारलाई खाना पकाउँदा ११ सय १४ रुपैयाँ मात्रै खर्च हुने देखिएको छ ।

ग्राहकको रोजाइको विद्युतीय सामग्रीबाट खाना बनाउँदा ५ जनाको परिवारमा मट्टितेलमा भन्दा १ सय २६ रुपैयाँ कम खर्च लाग्छ । यस्तै एलपी ग्यासको तुलनामा विद्युत् प्रयोग गर्दा ३६४ रुपैयाँ उपभोक्तालाई कम भार पर्छ ।

ऊर्जा अध्ययन केन्द्रको अनुसन्धानअनुसार ग्राहकको रोजाइको विद्युतीय खाना पकाउने भाँडो भन्नाले माटोको हिटर, कुनै पनि ब्राण्ड वा कम्पनीको प्रेसर कुकर, कुनै पनि प्रकारका विद्युतीय हट प्लेट लगायत पर्दछन् । तर ती सामाग्रीको सट्टामा विद्युतीय इन्डक्सन चुल्हो उपभोक्ताले प्रयोग गरे भने त्यसबाट हुने फाइदा अझ धेरै रहेको निश्कर्ष अध्ययनले निकालेको छ ।

नेपालको कुनै पनि शहर तथा गाउँघरमा इन्डक्सन चुल्होबाट खाना पकाउँदा ५ जनाको परिवारलाई एक महिनामा लाग्ने खर्च जम्मा ९ सय ९० रुपैयाँ मात्रै हुन्छ । ग्यासभन्दा यो रकम ४ सय ८८ रुपैयाँले कम हो । मट्टतिेलको तुलनामा इन्डक्सन २५० रुपैयाँले सस्तो पर्छ । नेपालमै उत्पादित विजुलीले आयातित ग्यासमा भन्दा मासिक ४८८ रुपैयाँ सस्तोमा खाना बनाउन सक्छन् भन्ने निष्कर्ष केन्द्रको छ ।

विद्युत् प्रयोगको अर्को महत्वपूर्ण फाइदा भनेको प्रदूषणको मात्रा अत्यन्तै न्यून हुनु र तथा ऊर्जा खेर जाने दर अत्यन्तै कम हुनु पनि हो । यसैगरी, ग्यासमा जति दुर्घटनाको जोखिम इन्डक्सन चुल्होमा हुँदैन ।

ग्यासको पूर्वाधारमा गर्ने खर्च र यसमा दिइँदै आएको सरकारी अनुदान अब उपभोक्तालाई विद्युत् प्रयोगमा दिइनुपर्ने मत अध्ययेता श्रेष्ठको छ ।

१८ घण्टासम्मको लोडसेडिङ भोगेका नेपालीहरूले खाना पकाउनका लागि ग्यासभन्दा भरपर्दो र सस्तो विकल्पका रूपमा विजुलीलाई मान्न तयार भइसकेका छैनन् ।

त्यसो त अहिले पनि प्राविधिक कारणले झ्याप्प-झ्याप्प बत्ती जाने क्रम चलिरहेकै छ । यसका कारण पनि उपभोक्तालाई विद्युतीय चुल्होमा भर पर्न अप्ठेरो छ ।

प्रोत्साहन नीति

नदीहरुमा पानीको सतह घटेपछि अहिले हिउँदमा माग धान्न भारतबाट विजुली ल्याइरहेको छ प्राधिकरणले । तर, यसै वर्षबाट वर्षायाममा नेपालले भारतमा नै विजुली बेच्न सुरु गरिसकेको छ । बेच्ने विजुलीको तुलनामा खरिद गर्ने विजुलीको मात्रा बढी छ ।

आगामी वर्ष माथिल्लो तामाकोशी लगायतका महत्वपूर्ण आयोजनाहरुको निर्माण सकिने भएकाले नेपाललाई अब विजुली खपत बढाउने चुनौती छ । यस्तो अवस्थामा प्राधिकरणले घरेलु ग्राहकलाई इन्डक्सन प्रयोगमा प्रोत्साहित गर्ने गरी नयाँ महसुल पनि प्रस्ताव गरेको छ । प्राधिकरणले जति बढी विजुली उपयोग गर्‍यो, उति नै सुलभ मूल्य रहने गरी विद्युत नियमन आयोगसँग नयाँ महसुल प्रस्ताव गरेको हो ।

अहिलेको महसुल अनुसार जति बढी विजुली खपत गर्‍यो त्यति नै दर बढ्दै जान्छ । तर, अब यसलाई रणनीतिक रुपमा परिवर्तन गरेर व्यवहारिक र वैज्ञानिक बनाउन लागिएको कार्यकारी निर्देशक घिसिङ बताउँछन् ।

वैज्ञानिक र व्यवहारिक ढंग विद्युत महसुल तय गर्दा हिटर, एसी, इन्डक्सन लगायतको प्रयोग बढ्ने घिसिङको विश्वास छ । देशभित्र बिजुलीको खपत बढे त्यसले आन्तरिक उत्पादकत्व बढेर अर्थतन्त्र चलायमान बन्ने प्राधिकरणको तर्क छ ।

महसुल धेरै भयो भनेर विद्युतीय सामान उपयोग गर्न जनता डराएको भन्दै कार्यकारी निर्देशक घिसिङले अब डराउनेभन्दा पनि प्रोत्साहित हुने गरी महसुल तोक्न खोजिएको बताए ।

'अहिले जति धेरै उपयोग गर्‍यो, दर उति चर्को उठ्छ । २० युनिटसम्म प्रयोग गर्ने ग्राहकलाई न्यूनतम महसुल तिरे पुग्छ, विपन्न परिवारलाई लक्षित गरेर तोकिएको यो महसुललाई बढाउने हाम्रो योजना छैन,' उनी भन्छन्, 'तर, मध्यम वर्गकाले अहिले तिर्नुपरेको उच्चदरको महसुललाई घटाउन एउटा निश्चित तहभन्दा बढी खपत गर्नुभयो भने पहिलेभन्दा कम महसुलदर लगाउँदैछौं । यसले खपत बढाउन प्रोत्साहन मिल्छ । एसी नै राख्दा पनि धेरै महसुल नलाग्न सक्छ ।'

घिसिङ मासिक २ सय युनिट खपत गर्ने ग्राहकलाई अझ बढी खपतका लागि आकर्षित गर्नेगरी आकर्षक महसुल राखियो भने सबैले इन्डक्सन प्रयोग गर्न सक्ने बताउँछन् ।

'इन्डक्सनले महिनाभरिमा सय युनिट पनि खपत गर्दैन । त्यही स्ल्याबभित्र ग्राहकले इन्डक्सन प्रयोग गर्न पाए भने त फाइदा भयो । त्यसैले अब महसुल दर स्ल्याब र रेन्जहरू परिवर्तन गर्न खोजेका हौं,' घिसिङ भन्छन् ।

प्राधिकरण सञ्चालक समितिको अध्यक्ष रहेका ऊर्जामन्त्री वर्षमान पुनले पनि यसअघि ग्यासको अनुदान हटाएर इन्डक्सनमा अनुदान दिने सरकारी योजना सुनाइसकेका छन् ।

३६ अर्बको ग्यास

नेपालमा मासिक २७ लाख बढी सिलिन्डर ग्यास खपत हुन्छ । अहिले अभाव भएपछि त्यस्तो माग दोब्बर भएको छ । नेपालले वार्षिक करिब ४ लाख ५६ हजार मेट्रिक टन ग्यास आयात गर्छ ।

आर्थिक वर्ष ०७५/७६ मा नेपालमा ४२ करोड ८८ लाख ४० हजार १५७ किलो ग्यास आयात भएको थियो, जुन ३ करोड २१ लाख १४ हजार सिलिन्डरभन्दा धैरै हो । ग्यासकै लागि गत वर्षमात्रै ३५ अर्व ५४ करोड ८४ लाख ६६ हजार रुपैयाँ विदेसिएको थियो ।

उपभोक्ताले प्रयोग गर्ने १४.२ किलोको ग्यास सिलिन्डर सरकारले करिब साढे १४ सय रुपैयाँमा भारतसँग खरिद गरेर २ सय रुपैयाँ घाटा सहेर १३ सय ५५ मा ग्राहकलाई बिक्री गरिरहेको छ । वार्षिक हिसाब गर्ने हो भने यस्तो आर्थिक भार ३ अर्बभन्दा धैरै हुन आउँछ ।

आयल निगमका अनुसार वार्षिक रुपमा १४ प्रतिशत हाराहारीले ग्यास खपत बढेको छ । गत वर्षबाट विद्युत् आपूर्ति असहज हुन थालेपछि ग्यास आयातको वृद्धिद्धर केही खुम्चिन थालेको छ ।

श्रोत : क्यापिटल नेपाल, २०७६/१२/०५

# हतार–हतारमा लाइन काटेका कुलमानले धमाधम थाले जोड्न

काठमाडौं । नेपाल विद्युत प्राधिकरणले बिजुली काटेको २४ घण्टा नबित्दै दई उद्योगमा लाइन जोडेको छ । बक्यौताको विषयलाई सरकारले टुङ्गोमा नपुर्याउदै प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङले दुई उद्योगमा लाइन काट्न निर्देशन दिएका निए ।

तर, उद्योगमन्त्री लेखराज भट्टको विशेष पहलपछि प्राधिकरणले ती उद्योगमा पुनः लाइन जोडिदिएको हो । प्राधिकरणले रघुपति जुट मिल्स र रिलायन्स स्पिनिङ मिल्ससंग करोडौ रुपैयाँ वक्यौता भुक्तानी नगरेको भन्दै विद्युत प्राधिकरणले बुधबार लाइन काटेको थियो ।

१७० करोड बक्यौता नतिरेपछि विद्युत प्राधिकरणले काट्यो रघुपति जुट मिल्स र रिलायन्स स्पिनिङ मिल्सको लाइन

प्राधिकरणले नियमविपरीत उद्योग उद्योगमा धमाधम डेडिकेटेड सरह महशुल तिर्न पत्राचार गरेपछि उद्योगीहरु अदालतसम्म पुगे । अदालतले यो मुद्दा आफूले हेर्न नपर्ने भन्दै प्राधिकरणकै पुनरावेदन समितिमा जानु भनि फर्काएको हो ।

त्यसपछि यो समस्याको बारेमा अध्ययन गर्न सरकारले उर्जा सचिवको संयोजकत्वमा अर्थसचिव र उद्योग सचिवसम्मिलित एउटा समिति पनि बनाएको छ । सो समितिले पनि सहसचिवको संयोजकत्वमा अर्को उपसमिति बनाएर अध्ययन गरिरहेकै बेला प्राधिकरणले उद्योगमा बिजुली काटेको थियो ।

सरकारले यो विषयलाई टुङ्गोमा नपुर्याउँदै प्राधिकरणले विद्युत् काटेपछि उर्जा मन्त्रालयले तत्काल जोड्न निर्देशन समेत दिइयो । मन्त्रालयको निर्देशनपछि दुई ओटै उद्योगमा बिजुली जोडिसकेको छ ।

उद्योगीले आफूहरुले सुविधा पनि नमागेको र प्राधिकरणले सुविधा नदिएको तर, सबै उद्योगीलाई डेडिकेटेड सरह महशुल लगाए पनि समस्या उत्पन्न भएको हो ।

प्राधिकरणले लोडसेडिङको समयमा २० घण्टा वा सो भन्दा बढी समय विद्युत् उपलब्ध गराएको प्रमाण देखाए उद्योगीहरुले डेडिकेटेड सरह महशुल तिर्ने बनाउँदै आएका छन् । तर, प्राधिकरणले त्यसको प्रमाण देखाउन सकेको छैन् ।

उद्योगीका अनुसार सरकारले यो विषयलाई नसल्ट्याई प्राधिकरणले के आधारले विजुली काटेको हो भनेर उद्योग, अर्थ र उर्जामन्त्रीलाई भेटेर सोधेका छन् ।

सरकारले बनाएको समितिले ३५ दिन भित्र अध्ययन प्रतिवेदन दिनुपर्ने हो । तर, अहिलेसम्म उपसमितिले समेत अध्ययन प्रतिवेदन दिएको छैन् । तर, प्राधिकरणले उद्योग–उद्योगको लाइन काट्न थालेको छ ।

श्रोत : क्यापिटल नेपाल, २०७६/१२/०५

## १७० करोड बक्यौता नतिरेपछि  वद्युत प्रा धकरणले काट्यो रघुपति जुट मल्स र रिलायन्स स्पिनिङ  मल्सको लाइन

काठमाडौं । डेडिकेटेड लाइन प्रयोग गर्ने उद्योगले विद्युत् महशुल नतिरेको भन्दै विद्युत प्राधिकरणले सुनसरी मोरङ औद्योगिक करिडोरका दुई उद्योगको लाइन काटेको छ ।

डेडिकेटेड लाइन प्रयोग गरेको विराटनगरको रघुपति जुट मिलले १५ करोड ५५ लाख ६८ हजार रुपैयाँ बक्यौता नतिरेपछि लाइन काटिएको छ । मिलले गत कात्तिकसम्मको  ११ करोड ९१ लाख रुपैयाँ ४४ किस्तामा तिर्ने सहमति गरेको थियो । प्रतिकिस्ता २७ लाख ६ हजार रुपैयाँ तिर्ने सहमति गरेको उद्योगले पैसा नतिरेपछि लाइन काटिएको प्राधिकरण विराटनगर वितरण केन्द्र प्रमुख राजीव सिंहले बताए ।

त्यस्तै, सुनसरीको खनारस्थित रिलायन्य स्पिनिङ मिलको पनि लाइन काटिएको छ । मिलले डेडिकेटेड लाइन प्रयोग गरेबापत १ अर्ब ५० करोड ३४ लाख ८६७ रुपैयाँ बक्यौता नतिरेपछि लाइन काटिएको इटहरी वितरण केन्द्रका प्रमुख मिथलेसकुमार गोइवारले बताए ।

मिलले वि.सं २०७२ भदौ देखि डेडिकेटेड लाइनअनुसार बक्यौता तिरेको थिएन् । पटक पटक बक्यौता तिर्न ताकेता गरेपनि मिलले नतिरेको गोइवारले बताए । पछि, मिल उच्च अदालत गएको थियो ।

श्रोत : ऊर्जा खबर, २०७६/१२/०५

## महसुल तोक्नुअघि उपभोक्ताको अभिमत समेट्ने प्रयास, 'तर कर्मकाण्डी सार्वजनिक सुनुवाई'

काठमाडौं । दशकौंदेखि एकतर्फी रूपमा विद्युत महसुल निर्धारण गर्दै आएको सरकारले अब भने सर्वसाधारणको अभिमत समेटेर निर्णय गर्ने प्रयास गरेको छ । सरकारको यो प्रयास सम्भवतः इतिहासकै पहिलो हो । तर, यसमा ढंग पुर्याएको भने देखिएन ।

करिब २ वर्षअघि जारी भएको विद्युत नियमन आयोग ऐनमा महसुल निर्धारण गर्दा सार्वजनिक सुनुवाई गरी नागरिकको विचार तथा भनाइ समेट्नुपर्ने उल्लेख छ । यही आधारलाई टेकेर विद्युत नियमन आयोगले पहिलो पटक सार्वजनिक सुनुवाई गर्न लागेको छ ।

यसअघि नेपाल विद्युत प्राधिकरणको सिफारिसमा विद्युत महसुल निर्धारण आयोगले अन्तिम निर्णय गर्ने गर्थ्यो । त्यसमा सर्वसाधारण उपभोक्ताको तर्फबाट सदस्य नियुक्त हुने गरे पनि तिनले कहिल्यै नागरिकको भावना र मर्म समेट्न सकेनन् । राजनीतिक नियुक्ति पाएर आउने सदस्यले सर्वसाधारणको मर्म बुझ्न नसक्नु स्वभाविक पनि थियो ।

> उता ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कोरोनाबाट जोगिन निर्धारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैठक र सेमिनार स्थगित गरेको छ । मन्त्रालयमातहतकै आयोगले भने भीड जम्मा गर्दैछ ।

नियमन आयोग ऐनले भने महसुल तोक्नुअघि अनिवार्य रूपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख गरेको छ । अहिले प्राधिकरणले आयोगसमक्ष पेश गरेको महसुल प्रस्तावमा उपभोक्ताको अभिमत लिने तयारी भइरहेको छ । आयोगले पहिलो पटक सूचना प्रविधिको माध्यमबाट सार्वजनिक सुनुवाई गर्न लागेको जानकारी दिएको छ । तर, यो औपचारिकता मात्र हुँदैछ ।

चीनबाट फैलिएको कोरोना भाइरस र यसको असरले अहिले विश्व आतंकित छ । यस्तो समयमा सर्वजनिक ठाउँमा नजान, भीडमा नबस्न र बैठक, सेमिनार र अन्तरक्रिया नगर्न सरकारले आह्वान

गरेको छ । यसैलाई मध्यनजर गरी सूचना प्रविधिको माध्यमबाट उपभोक्ताको भनाइ समेट्न लागेको आयोग प्रवक्ता रामप्रसाद धितालले बताए ।

'ठूलो भीड गर्न नहुने पक्षलाई मध्यनजर गर्दै सूचना प्रविधिको माध्यमबाट उपभोक्ताको राय, सुझाव तथा विचार संकलन गर्न लागिएको हो,' उनले भने, 'देशभित्र र बाहिरका जोसुकैले प्रस्तावमा सुझाव दिन सक्नेछन् ।' आयोगका अनुसार राय, सुझाव तथा प्रतिक्रिया दिन श्रव्य–दृष्यको माध्यम प्रयोग गर्न सकिनेछ ।

उता ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कोरोनाबाट जोगिन निर्धारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैठक र सेमिनार स्थगित गरेको छ । मन्त्रालयमातहतकै आयोगले भने भीड जम्मा गर्दैछ । चैत १४, १६ र १७ गते हुने सार्वजनिक सुनुवाई अगाडि उपभोक्ता महसुल प्रस्ताव र यसका व्यवस्थाबारे जानकार हुनुपर्छ । प्राधिकरणले १३ बर्गमा बाँडेर गरेको महसुलको मर्म बुझ्नुपर्छ ।
पढ्न, बुझ्न वा विश्लेषण गर्न सजिलो होस् भन्दै आयोगले प्राधिकरणले पठाएको प्रस्ताव आफ्नो वेबसाइटमा त राखेको छ । तर, वेबसाइट कहिले खुल्छ, कहिले खुल्दैन । चाहिएको बेलामा डाउनलोड हुँदैन । यस्तो अवस्थामा सरोकारवालाले कसरी प्रस्ताव सजिलै पढ्न र बुझ्न सक्छन् भन्नेतर्फ आयोगको ध्यान गएको देखिँदैन ।

आयोग गठन भई पदाधिकारीले कार्यभार सञ्चालन गरेको १० महिनासम्म सुशासनका आधारभूत काम पनि हुन सकेको छैन । यस्तो परिस्थितिमा हुन लागेको सार्वजनिक सुनुवाई उपभोक्ताका आँखामा भ्रम छर्ने र केवल औपचारिकता पूरा गर्ने विधि मात्र हुने पक्का छ ।

प्राधिकरणले प्रस्ताव पठाएको ६० दिनभित्र महसुल निर्धारण गरिसक्नुपर्ने ऐनको व्यवस्थाका कारण प्रतिकूल अवस्थामा पनि सार्वजनिक सुनुवाई गर्नुपरेको आयोगको तर्क छ । नाममात्रको सार्वजनिक सुनुवाईले के उपभोक्ताको अधिकार सुनिश्चित गर्ला ? आयोगले सर्वसाधारणबाट प्राप्त सुझावलाई प्रस्तावमा समेटेर लैजान सक्ला ?

आयोगले साँच्चै गरिब र पिछडिएको समुदायको समेत सुझाव वा राय समेट्न चाहेको थियो भने यस्तो कार्यक्रम सार्न सक्थ्यो । प्राधिकरणको प्रस्तावपछि ६० दिनभित्र निर्णय गर्नुपर्ने

बाध्यकारी व्यवस्था भए पनि व्यवहारिक कठिनाई हेरेर समस्याको निकास निकाल्न सकिन्छ । तर, यसतर्फ आयोग बेखबर देखिन्छ ।

आयोगले भनेको छ– प्राप्त राय, सुझाव तथा प्रतिक्रिया, प्राधिकरणको लागत/खर्च र अन्य कार्यक्रमको समीक्षा, सालबसाली हुने प्रसारण/वितरण लाइन विस्तार, देशको कुनाकाप्चामा विद्युत पुर्याउने काम तथा अन्य विकास निर्माणका गतिविधि सञ्चालन एवं विकासको प्रतिफल सर्वसाधारणले अनुभूति गर्न सक्ने गरी महसुल निर्धारण गर्दैछौं ।

काठमाडौंको एउटा कुनामा सार्वजनिक सुनुवाई गरेर देशका कुनाकाप्चामा त्यो आवाज कसरी पुग्ला ? अनि, ५–६ घन्टाको कार्यक्रम सुनेको वा हेरेकै आधारमा उपभोक्ताले राय सुझाव दिन सक्ने आधार तयार हुन्छ कि हुँदैन ? यी प्रश्नको जवाफ वा परिणामबारे आयोगले सोचेको देखिँदैन । अतः फेरि पनि यो सार्वजनिक सुनुवाई कर्मकाण्डी बाहेक अर्को हुने देखिँदैन ।

आयोगले साँच्चै गरिब र पिछडिएको समुदायको समेत सुझाव वा राय समेट्न चाहेको थियो भने यस्तो कार्यक्रम सार्न सक्थ्यो । प्राधिकरणको प्रस्तावपछि ६० दिनभित्र निर्णय गर्नुपर्ने बाध्यकारी व्यवस्था भए पनि व्यवहारिक कठिनाई हेरेर समस्याको निकास निकाल्न सकिन्छ । तर, यसतर्फ आयोग बेखबर देखिन्छ । हुन त यतिसम्म दूरदृष्टि राख्ने हैसियत आयोग पदाधिकारीमा नहुन पनि सक्छ ।

कोरोना असरबाट जोखिन विश्वका धेरै देशमा घरबाट निस्कन प्रतिबन्ध लागिसक्यो । अर्थतन्त्र धराशायी हुँदैछ । नेपालमै पनि दुई दर्जनभन्दा बढी जलविद्युत आयोजनाको निर्माण रोकिएको अवस्था छ । स्कुल, कलेज धमाधम बन्द हुँदैछन् । आर्थिक गतिविधि सुस्त हुँदैछ । यस्तो अवस्थामा ऐनको खुट्टो टेकेरमात्र निकास निस्कन्छ ? हचुवा, हतार र सोच–विचार नगरी निर्धारण भएको विद्युत महसुल वैज्ञानिक हुन्छ ?

श्रोत : ऊर्जा खबर, २०७६/१२/०५

# गेलुन खोलाले ऋण नतिरेपछि एनएमबी बैंकले निकाल्यो ३५ दिने सूचना

काठमाडौं । तोकिएको समयमा ऋण नतिरेपछि एनएमबी बैंक लिमिटेडले गेलुन खोला हाइड्रो पावर कम्पनीको नाममा ३५ दिने सूचना निकालेको छ । ऋण तिर्न ताकेता गर्दै बैंकले बुधबार (चैत ५ गते) यस्तो सूचना निकालेको हो ।

कम्पनीले सिन्धुपाल्चोकमा ३.२ मेगावाटको गेलुन खोला जलविद्युत आयोजना निर्माण गरेको छ । ऋण तिर्न निरन्तर ताकेता गर्दा पनि अटेर गरेको भन्दै सूचना निकालेको बैंकले उललेख गरेको छ ।

बैंकका अनुसार कम्पनीले २०७७ बैशाख १० गतेभित्र सावा, ब्याज, हर्जना लगायत रकम बुझाउन सूचित गरेको छ । आयोजनामा एनएमबीको अगुवाईमा ग्लोबल आइएमई (साविक सिद्वार्थ डेभलपमेन्ट) र लुम्बिनी विकास (साविक भिबोर सोसाइटी डेभलपमेन्ट) बैंकले लगानी गरेका छन् ।

आयोजना निर्माण गर्न सबै बैंकबाट करिब ३७ करोड रुपैयाँ ऋण लिने सम्झौता भएको थियो । यो बढेर अहिले ५७ करोड रुपैयाँ पुगेको कम्पनीले जानकारी दिएको छ ।

सूचना बेवास्ता गरी उल्लेखित समयभित्र ऋण नतिरे कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने उल्लेख छ । साथै, कर्जा सुरक्षणका लागि बैंकमा धितो रहेको सम्पत्ति कब्जामा लिई लिलामबिक्री गरी ऋण असुलउपर गरिने उल्लेख छ ।

कम्पनीले निर्माण गर्नुपर्ने १० किलोमिटर ३३ केभी प्रसारण लाइन निर्माणमा स्थानीयले अवरोध गरेपछि आयोजनाको विद्युत खेर गइरहेको छ । २०६९ मा निर्माण सुरु भएको आयोजनाबाट २०७२ सालमा विद्युत उत्पादन गर्ने तालिका थियो । पटक–पटकको स्थानीय अवरोध, भूकम्प, नाकाबन्दी, प्राकृतिक प्रकोप, आर्थिक संकटलगायत कारणले उत्पादन अवधि लम्बिदै गएको जनाइएको छ ।

सुरुमा ५२ करोड रुपैयाँ लागत अनुमान गरिएको आयोजना पूरा हुँदासम्म ७५ करोड रुपैयाँ पुगेको छ । उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको लामोसाँघु सबस्टेसनमा जोडिनेछ ।

श्रोत : ऊर्जा खबर, २०७६/१२/०५

# रत्नपार्क वितरण केन्द्रका सुपरभाइजर २० हजार घुससहित पक्राउ

काठमाडौं । नेपाल विद्युत प्राधिकरण रत्नपार्क वितरण केन्द्रमा कार्यरत कैलाश दहाल २० हजार रुपैयाँ घुस लिइरहेको अवस्थामा पक्राउ परेका छन् । केन्द्रमा ईलेक्ट्रिकल सुपरभाईजर पदमा कार्यरत दहाललाई घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत सोमबार पक्राउ गरेको हो ।

नयाँ क्षमता वृद्धि मिटर जडानको लागि नियमानुसार राजस्व तिरी प्रकृया अगाडी बढाउँदा झन्झटिलो हुन्छ भन्दै सेवाग्राहीसँग घुस लिइरहेको अवस्थामा पक्राउ गरेको आयोगले जनाएको छ । आयोगका अनुसार यसअघि दहालले घुस माग्दै काममा आलटाल गर्दै आएका थिए । पक्राउ परेका दहालविरुद्व थप अनुसन्धान सुरु गरेको आयोगले जनाएको छ ।

नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी जागिर खाने पौडेल विरुद्व मुद्दा दायर

आयोगले प्राधिकरण अन्तर्गत केन्द्रिय वर्कसप हेटौंडामा कार्यरत ईलेक्ट्रिसियन भेष बहादुर पौडेल विरुद्व विशेष अदालतमा मुद्दा दायर गरेको छ । नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी लाभ लिएको पुष्टि भएको भन्दै मंगलबार (हिजो)) काठमाडौं अदालतमा मुद्दा दायर गरिएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसार कसुर भएको पुष्टि भएकोले सजाय हुन मागदाबी गर्दै मुद्दा दायर गरेको आयोगले जनाएको छ । आयोगका अनुसार पौडेलले त्रिभुवन माध्यमिक विद्यालय नवलपुर, हेडौंडाबाट कक्षा ९ उत्तीर्ण गरेको नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी लाभ लिएको पुष्टि भएको छ । पौडेल २०६८ सालमा तह ३ इलेक्ट्रिसियन पदमा बढुवा समेत भइ लाभ लिएको पुष्टि भएको छ । आयोगले गत पुस १ गतेपनि नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी जागिर खाने ७ जना विरुद्व मुद्दा दायर गरेको थियो ।

श्रोत : राजधानी, २०७६/१२/६

# विद्युत आपूर्ति कटौतीप्रति मोरङ ब्यापारसंघको आपत्ति

मोरङ, ५ चैत । उद्योगहरुको विद्युत आपूर्ति कटौती गरेको भन्दै मोरङ व्यापार संघले आपत्ति जनाएको छ । बुधबार मोरङ व्यापार संघले विद्युत आपूर्ति कटौती गरेको विषयलाई लिएर प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलाई ज्ञापनपत्र बुझाएका छन् ।

संघका अध्यक्ष प्रकाश मुन्दडाको नेतृत्वमा गएको उद्योगी–व्यवसायीहरुको टोलीले मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै उद्योगी व्यवसायीले भोग्नु परिरहेको समस्याका बारेमा जानकारी गराए । मुन्दडाले कोभिड–१९ को नकरात्मक प्रभाव मोरङ–सुनसरी कोरिडोका औद्योगिक–व्यवसायिक क्षेत्रमा पनि परिरहेको बताए । यस्तो समयमा रघुपति जुट मिल र रिलायन्स स्पिनिङ मिलजस्ता हजारौँ जनतालाई रोजगारी प्रदान गर्ने उद्योगमा विद्युत आपूर्ति कटौति गरीएको भन्दै असन्तुष्टि समेत ब्यक्त गरे ।

कोभिडको महामारीका कारण कच्चा पदार्थ अभाव हुनसक्ने भन्दै उनले यस क्षेत्रमा मात्रै सञ्चालनमा रहेका ६ सय उद्योगमा कच्चापदार्थको संकट आइपर्ने सम्भावनाप्रति मुख्यमन्त्री राईलाई अवगत गराए । मोरङ ब्यापारसंघका अध्यक्ष मुन्दडाले प्रदेश १ का दुई ठूला र खुल्ला नाकाहरु (विराटनगर र काँकडभिट्टा) लाई थप व्यवस्थित गर्न समेत आग्रह गरे ।

कच्चा पदार्थको पैठारीमा असहजता, निर्यातमा देखिएको कमि, व्यवसायमा देखिएको मन्दी आदिका कारण उद्योगहरुको उत्पादन क्षमतामा घट्दै जाँदा सरकारले निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने माग समेत गरे ।

भेटमा मुख्यमन्त्री शेरधन राईले संकटका बेला निजी क्षेत्रले पनि दायीत्वबोध गर्नुपर्नेमा जोड दिए । उनले सरकारले पनि निजी क्षेत्रले उठाएका जायज मागलाई सम्बोधन गर्ने बताए । ज्ञापनपत्र बुझाउन संघका पूर्व अध्यक्ष महेश जाजू, निर्वतमान अध्यक्ष पवन कुमार सारडा, उपाध्यक्षद्वय विकास कुमार बेगवानी, अनुपम राठीलगायतका उद्योगी–व्यवसायीहरु पुगेका थिए । बुधबार नै मात्र बक्यौता नतिरेको भन्दै विद्युत प्राधिकरण विराटनगर वितरण शाखाले विद्युत आपूर्ति बन्द गरेको हो ।

श्रोत : नयाँ पत्रिका, २०७६/१२/०६

## सिँगटी–लामोसाँघु प्रसारण लाइन निर्माणमा विवाद

१० वर्षदेखि निर्माण सुरु भएर पनि सम्पन्न हुन नसकेको सिँगटी–लामोसाँघु १३२ केभी प्रसारण लाइन निर्माणमा पुनः विवाद सुरु भएको छ। प्रसारण लाइनको टावर निर्माण हुने जग्गा नै किनबेच भएपछि विवाद झनै चुलिएको छ। आयोजनाको काम ढिला हुँदा प्रसारण लाइनको टावर बस्ने जग्गा किनबेच भएको छ भने लाइनमा पर्ने ठाउँमा व्यक्तिगत घरसमेत निर्माण भएका छन्।

संघीय सरकारले प्रसारण लाइनको टावर निर्माणका लागि तयारी गरेको जग्गामा बागमती प्रदेश सरकारले चिस्यान केन्द्र निर्माण सुरु गरेपछि दुई तहका सरकारकै लगानी जुधेको सरोकारवालाले जनाएका छन्। टावर बनाउन तयारी गरेको जग्गाको किनबेच हुँदा र लाइन क्षेत्रमा बनेका घरकै कारण टावर निर्माण र तार तान्नका लागि बाधा उत्पन्न भएको आयोजनाले जनाएको छ। आयोजना निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनी टावर निर्माण गर्न जाँदा किनबेच भएर व्यावसायिक काममा प्रयोग भइसकेको जग्गाको मुआब्जासमेत निर्धारण हुन सकेको छैन। भीमेश्वर नगरपालिका–८ (साविक बोच ५) मा रहेको कित्ता नं. ७४९ को जग्गामा ७४ नं. टावर निर्माण गर्न आयोजनाले तयारी थालेको थियो। वरपरका टावर उठाएर तार तान्ने काम पनि भइरहेको छ। तर, सो जग्गाको जग्गाधनीले टावर निर्माण नगरी रुट परिवर्तन गर्न माग गरिरहेका छन्।

सोे जग्गा तिलोत्तमा हिमाली फुड प्रोडक्सन एन्ड रिसर्च सेन्टर प्रालिको नाममा छ। जग्गा किनेर तिलोत्तमाले करोडौं लगानी गरिसकेको छ। कृषिसम्बन्धी अध्ययन अनुसन्धान, प्रशोधन र चिस्यान केन्द्र राख्ने योजनासहित संरचना तयार हुँदै छ। तर, यही ठाउँमा टावर निर्माण हुने भएपछि तिलोत्तमाका योजना पनि प्रभावित हुने भएको छ। कम्पनीले बृहत् योजनासहित उक्त क्षेत्रलाई कृषिको नमुना क्षेत्र बनाउने र सुविधासम्पन्न रिसोर्टहरू निर्माणका लागि प्रक्रिया सुरु गरिसकिएको कम्पनीका अध्यक्ष रत्न कार्कीले जानकारी दिए।

### १० वर्षमा पनि बनेन

नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइन २ वर्षमा पूरा गर्ने गरी भारतीय ठेकेदार कम्पनी अरावली इन्फ्रा पावरसँग सन् २०१० अक्टोबरमा ठेक्का सम्झौता गरेको थियो। तर, आयोजनाको काम समयमा नहुँदा जग्गासमेत किनबेच भएपछि समस्या आएको हो। निर्माण सुरु भएको १० वर्ष बित्न लाग्दासमेत प्रसारण लाइन बन्न सकेको छैन। आयोजनाले प्रसारण लाइनमा पर्ने जग्गा निर्धारण गरेर १३ फागुन २०६९ मा नै गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरी अधिग्रहण गर्नुपर्ने

जग्गाधनीलाई कुनै दाबी विरोध र सुझाब मागेको थियो। कानुनले तोकेको १५ दिनभित्र कोही पनि जग्गाधनीले आफ्ना कुरा राखेका थिएनन्।

तत्कालीन समयमा जिल्ला प्रशासन कार्यालय, नापी, मालपोत र तत्कालीन बोच गाविस कार्यालयमा समेत टाँस गरेको प्रसारण लाइनका आयोजना प्रमुख राजन ढुंगेलले बताए।

दुई तहका सरकारको लगानी जुध्यो

विद्युत् प्राधिकरणले प्रसारण लाइन बनाउने ठाउँमा बागमती प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावादोर्जे लामाले गत असोजमा शीत भण्डारको सिलान्यास गरे। अहिले शीत भण्डार निर्माण भइरहेको छ। शीत भण्डारमा मन्त्रालयको ७० प्रतिशत र तिलोत्तमाको ३० प्रतिशत लगानी रहेको छ। शीत भण्डारको लागत ४ करोड ८५ लाख रहेको छ। ४० किलोमिटर प्रसारण लाइनमा पर्ने १२४ टावरमध्ये ११७ वटाको जग हालिसकिएको छ। १०९ वटा टावर ठड्याउने काम सम्पन्न भएको छ।

श्रोत : अनलाइन खबर, २०७६/१२/६

# पानी र विद्युत महसुलमा जरिवाना मिनाहा गर्न सरकारको आग्रह

६ चैत, काठमाडौं । सरकारले चैत महिनाको पानी, विद्युत र मालपोत शुल्क नतिर्दा लाग्ने जरिवाना मिनाहा गर्न आग्रह गर्ने निर्णय गरेको छ ।

महसुल र राजस्व तिर्न धेरै मानिस भेला हुँदा कोरोना भाइरसको संक्रमण बढ्न सक्ने निश्कर्ष निकाल्दै जरिवाना मिनाहा गर्न महसुल र राजस्व लिने कार्यालयसँग समन्वय गर्ने निर्णय गरेको राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए ।

त्यस्तै बसपार्कजस्ता धेरै भीड हुने ठाउँमा सतर्कता अपनाउने विषयमा पनि बैठकमा छलफल भएको उनले बताए ।

बिहीबार मन्त्रालयमा बसेको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यकारी समिति बैठकले खुला सीमानाका कारण भारतबाट कोरोनाको संक्रमणको जोखिम उच्च रहेको निश्कर्ष निकालेको छ ।

कोरोनाको वस्तुस्थिति, पूर्वतयारी र प्रतिकार्य योजना सम्बन्धमा छलफल गर्न बसेको बैठकले उत्तरतर्फका नाकाभन्दा दक्षिणका नाकाबाट जोखिम बढेको निश्कर्ष निकालेको हो ।

भारतमा तीब्र गतिमा फैलिरहेको कोरोनाको प्रभाव नेपालमा पनि पर्न सक्नेतर्फ सचेत रहनुपर्ने र सीमा नाकामा हुने चेकजाँचलाई थप कडाई गर्नुपर्ने निश्कर्ष कार्यकारी समितिको बैठकले निकालेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले चेकजाँचमा कडाई गरी नेपालभित्र प्रवेश गर्न नदिने योजनाका साथ अगाडि बढ्ने विषयमा बैठकमा छलफल भएको बताए ।

बैठकले अनर्गल प्रचार गर्ने र अफवाह फैलाउनेलाई कडा कारवाही गर्न सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन पनि दिइएको छ । अफवाह फैलाउने र अनर्गल प्रचार गरेमा १ लाख जरिवाना र ६ महिना कैद हुने व्यवस्था रहेको छ ।

श्रोत : ऊर्जा खबर, २०७६/१२/०७

# विद्युत महसुल तिर्न ढिलो भए जरिवाना नलाग्ने

काठमाडौं। कोरोना भाइरसको असरका कारण विद्युत महसुल तिर्न ढिलाई भएमा अब जरिवाना शुल्क नलाग्ने भएको छ । सरकारले विद्युत महसुल तिर्न नेपाल विद्युत प्राधिकरणका विलिङ काउन्टरमा लाग्ने भिड कम गर्न महसुल तिर्न ढिलाई हुँदाको जरिवाना शुल्क मिनाहा गर्ने निर्णय गरेको हो ।

गृहमन्त्रालयमा बिहीबार बसेको बैठकले विद्युतका उपभोक्ताका लागि महसुल तिर्न ढिलो गर्दा लाग्ने जरिवाना छुट दिने निर्णय गरेको हो । मन्त्रालयले विद्युत महसुलको जरिवानामा सहुलियत दिइने हुँदा भिडभाडमा जडान सर्वसाधारणमा अनुरोधसमेत गरेको छ ।

यता विद्युत प्राधिकरणले पनि अनलाइनबाट विद्युत महसुल तिर्न उपभोक्तामा अनुरोध गर्दै आएको छ । प्राधिकरणले महसुल काउन्टरमा लाग्ने भिड नियन्त्रण गर्न अनलाइन सेवा उपयोग गर्न उपभोक्ता वर्गमा आग्रह गरेको हो । प्राधिकरणले इन्टरनेटको सेवा पुगेका जिल्लाका सबै उपभोक्तामा अनलाइनको सुविधा लिन भनेको छ ।

प्राधिकरणले २०७४ भदौ ५ गतेदेखि अनलाइन पेमेन्ट प्रणाली लागु गरेको छ। ग्राहकले आफूलाई पायक पर्ने पेमेन्ट काउन्टर वा बैंक खाताबाट महसुल तिर्न सक्ने प्राधिकरणले जनाएको छ । अनलाइन पेमेन्ट प्रणालीप्रति ग्राहकको आकर्षण बढेकाले पछिल्लो समय प्राधिकरणका महसुल संकलन काउन्टरमा लाग्ने भिड पनि घटिरहेको थियो ।

अनलाइन महसुल भुक्तानी गर्न प्राधिकरणले सेवा प्रदायकसँग सम्झौता गरेको छ । इ-सेवा, सिएफएस एक्सप्रेस, पे पोइन्ट नेपाल, सिटी एक्सप्रेस मनी ट्रान्सफरबाट ग्राहकले महसुल तिर्न सक्दछन् ।

यस्तै, प्रभू, नेपाल इन्भेष्टमेन्ट, हिमालयन र महालक्ष्मी विकास बैंकको मोबाइल बैंकिङ सुविधामार्फत अनलाइनबाट महसुल तिर्न सक्दछन् । ग्राहकले आफ्नो खाता रहेका एनआइसी एसिया, एनएमबी, सिद्धार्थ, माछापुच्छ्रे, वाणिज्य, ग्लोबल आइएमई बैंकबाट पनि महसुल तिर्न सकिनेछ । अनलाइनबाट

महसुलत तिर्न ग्राहक परिचयपत्र र वितरण केन्द्र नम्बर राखेर फारम भरेपछि प्राधिकरणको बैंक खातामा रकम जम्मा हुन्छ ।

श्रोत : ऊर्जा खबर, २०७६/१२/०७

## रानी पोखरीको पुनर्निर्माणमा चाेरीकाे विद्युत, २ लाख ९५ हजार रुपैयाँ जरिवाना असुल

काठमाडौं । २०७२ बैशाखकाे विनाशकारी भूकम्पले क्षतिग्रस्त ऐतिहासिक रानी पोखरीको पुनर्निर्माण गर्न चाेरीकाे विद्युत उपयाेग भएकाे पाइएकाे छ । नेपाल विद्युत प्राधिकरण रत्नपार्क वितरण केन्द्रको चुहावट नियन्त्रण टोलीले वितरण लाइनबाट प्रत्यक्ष हुकिङ गरेर विद्युत उपयाेग गरिरहेकाे फेला पारेकाे हाे ।

रानी पोखरीको नजिककाे वितरण लाइनबाट हुकिङ गरी पुनर्निर्माण कार्य भइरहेकाे सूचनाका त्यहाँ पुगेर हटाएकाे केन्द्र प्रमुख प्रज्वलमान श्रेष्ठले बताए । उनका अनुसार स्थलगत रिपाेर्ट र एक वर्षकाे खपत विवरणका आधारमा रानी पाेखरी पुनर्निर्माण उपभोक्ता समितिबाट २ लाख ९५ हजार ८ सय ९२ रुपैयाँ असुल गरेकाे छ ।

स्थलगत निरीक्षणमा पुगेकाे टाेलीले विद्युत विद्युत चोरीमा प्रयोग भएका पानी तान्ने मोटर,बत्तीलगायत उपकरण बरामद गरेकाे पनि उनले बताए ।हुकिङबाट एक लाख ४७ हजार ८ सय २३ रुपैयाँको विद्युत चोरी भएको प्राधिकरणले ठहर गरेकाे छ ।

चाेरी भएकाे विद्युत परिमाणमा शतप्रतिशत जरिवाना, लाइन काटेको तथा मूल्य अभिवृद्धि करसहितकाे शुल्क जाेडेर २ लाख ९५ हजार ८ सय ९२ रुपैयाँ असुल गरेकाे उनले बताए । उपभाेक्ता समितिले जरिवानासहितकाे दस्तुर बुझाइसकेकाले अब निर्माण स्थलमा मिटर राखेर विद्युत सेवा सुचारु गरिदिने प्राधिकरणले जनाएकाे छ ।

श्रोत : नयाँ पत्रिका, २०७६/१२/०७

# विद्युतीय चुलोले ग्यास सिलिन्डर विस्थापनको चर्चा धेरै, तयारी थोरै

खाना पकाउने एलपी ग्यासको सट्टा पूर्ण रूपमा विद्युत् उपयोग हुन सके वार्षिक ४८ अर्बको ग्यास तत्काल प्रतिस्थापन हुन्छ, तर त्यसका लागि थप १ हजार मेगावाट विद्युत् चाहिन्छ

-आपूर्तिमन्त्री लेखराज भट्टले बिहीबार मात्रै भने, 'ग्यासको मात्रै भर नगर्नुस्, इन्डक्सन प्रयोगलाई प्राथमिकता दिनुस्', तर त्यसलाई न पर्याप्त विद्युत् छ, न चुलो नै उपलब्ध, अधिकांश घरमा जडान भएको पाँच एम्पियर क्षमताको विद्युत्मा इन्डक्सन बाल्न मिल्दैन

कोरोना भाइरसको त्रासले ग्यासको कृत्रिम अभाव भएपछि विद्युत् प्राधिकरणले पुनः खाना पकाउने ग्यासको सट्टा विद्युतीय चुलो प्रयोग गर्न आग्रह गरेको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले फेरि पनि विद्युतीय चुलो प्रयोग गर्ने अभ्यास थाल्नुपर्ने बताए। तर, सर्वसाधारणको भान्साबाट सिलिन्डर विस्थापन गरी विद्युतीय चुलो स्थापित गर्न न त पर्याप्त विद्युत् छ, न प्राधिकरणसँग ठोस योजना नै।

ग्यास सिलिन्डर विस्थापन गर्न सके भारतबाट ४८ अर्बको ग्यास आउन बन्द हुनेछ। तर, त्यसो गर्न थप १ हजार मेगावाट विद्युत् आवश्यक पर्ने विद्युत् प्राधिकरणकै प्रक्षेपण छ। अर्कातिर, मुलुकमा ७० प्रतिशत घरमा ५ एम्पियरको विद्युत् जडान भएको छ, जबकि विद्युतीय चुलो बाल्न १५ एम्पियर क्षमता हुनैपर्छ। त्यस्तै, सरकारले सहुलियत मूल्यमा इन्डक्सन चुलो वितरण गर्ने योजना बनाए पनि अहिलेसम्म कार्यान्वयन भएको छैन। बजारमा गुणस्तरीय चुलोको आपूर्ति नै कम छ, भएको पनि महँगो छ।

भारतबाट अहिल्यै ६ सय मेगावाटसम्म विद्युत् आयात, ग्यास विस्थापन गर्न थप १ हजार मेगावाट चाहिने

गत वर्ष २ खर्बभन्दा बढीको पट्रोलियम पदार्थ भित्रिएकोमा ४८ अर्बको ग्यास मात्रै आयात भएको थियो। ग्यास प्रतिस्थापन गर्न विद्युतीय चुलो प्रयोगलाई प्रवद्र्धन गर्ने सरकारको नीति छ। तर, ग्यासलाई पूर्ण रूपमा विस्थापित गर्न थप १ हजार मेगावाट विद्युत् आवश्यक हुने ऊर्जा अध्ययन केन्द्रको अध्ययनले देखाएको ऊर्जाविज्ञ डा. अमृतमान नकर्मीले बताए। 'सबै उपभोक्ताले इन्डक्सनमा खाना बनाउने हो भने विद्युत् माग अहिलेको तुलनामा शतप्रतिशत बढ्छ,' उनले भने। तर, अहिले

मुलुकको आन्तरिक उत्पादनले नपुगेर ३ सयदेखि ६ सय मेगावाट विद्युत् भारतबाट आयात भइरहेको छ।

नेपालमा जलविद्युत्को जडित क्षमता करिब १ हजार ३ सय मेगावाट पुगेपछि हिउँदमा त्यसको आधाभन्दा कम उत्पादन हुन्छ। तर, माग भने सामान्य अवस्थामा ८ सय देखि ९ सय मेगावाट र साँझ–विहान(पिक आवर)मा १ हजार २ सय मेगावाटसम्म पुग्ने गरेको छ। यस्तो अवस्थामा इन्डक्सन चुलोलाई आवश्यक विद्युत नै प्राधिकरणले प्रदान गर्न नसक्ने स्थिति छ।

अहिले नै ११ सय मेगावाटका जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा रहेको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताए। 'आगामी ३ वर्षभित्र ३ हजार मेगावाट भन्दा बढी विद्युत् उत्पादन हुने भएकोले एक÷दुई वर्षभित्रै ग्यास प्रतिस्थापन गर्न सकिन्छ,' उनले भने। इन्डक्सन चुलो प्रयोग गर्न सुरु गरी बानी पार्दै केही वर्षभित्रै ग्यास प्रतिस्थापन गर्ने कार्यको सुरुआत गर्न यो उपयुक्त अवसर भएको ऊर्जा विज्ञ नकर्मीको भनाइ छ।

हाल, नेपालका करिब ६० लाख घरमध्ये ८८ प्रतिशत (५२ लाख परिवार)मा विद्युत्को पहुँच पुगेको छ। यीमध्ये १.५ प्रतिशत परिवारले इन्डक्सन चुलो प्रयोग गर्छन् भने ३ प्रतिशतले राइस कुकरजस्ता उपकरण प्रयोग गरी विद्युत्बाट खाना बनाउँछन्।

१५ एम्पियरभन्दा कममा इन्डक्सन बल्दैन, ३६ लाख घरधुरीमा ५ एम्पियरको बिजुली

न्युनतम १५ एम्पियर क्षमताको विद्युत जडान नभएसम्म त्यसमा इन्डक्सन चलाउन मिल्दैन। तर, हाल ५२ लाख परिवारमा विद्युत जोडिएकोमा करीब ३६ लाख घरायशी ग्राहककोमा बिजुली बाल्नमात्रै मिल्ने ५ एम्पियर क्षमताको विद्युत जडान भएको छ। 'सन् २०१४ मा ऊर्जा अध्ययन केन्द्रले गरेको अध्ययनले देशभर ७० प्रतिशत जनताले बत्ती मात्रै बाल्ने प्रयोजनका लागि ५ एम्पियर क्षमताको विद्युत् खपत प्रणाली (हाउस वायरिङ) गरेका थिए। अहिले यो प्रतिशत केही घटेको भए पनि उल्लेख्य रुपमा घटेको छैन,' ऊर्जा विज्ञ डा. नकर्मीले भने। नेपाल विद्युत् प्राधिकरणले ४८ लाख विद्युत् उपभोक्तामध्ये ८ लाख उपभोक्ताको घरमा ५ एम्पियर क्षमताको विद्युत् खपत प्रणाली प्रयोग गरिएका अनुमान गरेको छ।

त्यति मात्रै होइन, ठूलो संख्यामा जनताले इन्डक्सन चुलो प्रयोग गर्नथाले विद्युत प्राधिकरणको वितरण प्रणाली नै नधान्ने सम्भावना छ। ७ असोज २०७२ देखि भारतले नेपालमाथि लगाएको नाकाबन्दीको झण्डै ५ महिना आम नेपालीले एलपी ग्यासको चरम अभाव भोगेका थिए। शहरी क्षेत्रमा बस्ने धेरैजसो नेपालीले इन्डक्सन, राइस कुकरजस्ता विद्युतीय उपकरणमा खाना बनाउन थाले। त्यसताका विद्युत् प्राधिकरणको प्रसारण तथा वितरण प्रणालीले थेग्ने भन्दा बढी विद्युत् लोड

एकैपटक परेपछि काठमाडौं उपत्यकामा मात्रै झण्डै ५ सय ट्रान्सफर्मर पड्कीए। वितरण लाइनको तार जलेका थिए। त्यसयता प्राधिकरणले वितरण तथा प्रसारण प्रणाली सुधार गर्दै ल्याएको छ। यद्यपी, अझै पनि ग्यासलाई पूर्ण रुपमा प्रतिस्थापन गर्ने गरी वितरणको पूर्वाधार तयार भई नसकेको ऊर्जा विज्ञ डा. नकर्मी बताउँछन्।

देशभर ६० लाख घरधुरी, १ लाख चुलोमा अनुदान दिने ऊर्जामन्त्रीको घोषणा

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत चालू आर्थिक वर्षमा १० हजार विद्युतीय चुलोलाई अनुदान दिइने भएको छ। तराईका विभिन्न १९ जिल्लामा परीक्षणका रूपमा यो परियोजना सञ्चालन गर्न लागिएको हो। आगामी वर्ष त्यसलाई बढाएर १ लाख पुऱ्याउने ऊर्जामन्त्री वर्षमान पुनको घोषणा छ। सरकारले वर्षमा १ लाखलाई मात्रै अनुदान दिने हो भने ६० लाख घरधुरीलाई इन्डक्सन चुलो पु¥याउन ६० वर्ष लाग्छ। चालू आर्थिक वर्षमा मात्रै निजी आयातकर्तामार्फत देशमा ४ लाख ५० हजार विद्युतीय चुलो भित्रिएको तथ्यांक छ। ऊर्जा विज्ञ अमृतमान नकर्मी भन्छन्– 'एक/दुई जनाले भन्दैमा, अनुदान दिँदैमा मानिसले इन्डक्सन बाल्दैन। यसका लागि टिभी, रेडियो लगायत सञ्चार माध्यममा दिनको १० पटक विज्ञापन दिऊँ। मानिस सहजै इन्डक्सनमा सिफ्ट हुँदै जान्छन्। पहिले पनि मट्टीतेलबाट ग्याससमा सिफ्ट हुन मानिसमा हिच्किचाहट थियो।'

विद्युतीय चुलो ग्यासभन्दा २५ देखि ५० प्रतिशत सस्तो, ३२ प्रतिशत छिटो

चार–पाँचजनाको परिवारलाई विद्युतीय चुलोमा खाना पकाउँदा ५० युनिटले पुग्ने अध्ययनले देखाएको ऊर्जामन्त्री वर्षमान पुनले बताए। विद्युतीय चुलोको प्रयोग ग्रामीण भेगमा ग्यास भन्दा ५० प्रतिशतसम्म र सहरी क्षेत्रमा भने २५ देखि ३५ प्रतिशतसम्म सस्तो पर्ने देखिएको सामुदायिक विद्युत् उपभोक्ता महासंघका अध्यक्ष नारायण ज्ञवालीले बताए। तर, ऊर्जा विज्ञ अमृतमान नकर्मीका अनुसार ऊर्जा अध्ययन केन्द्रले २०१९ को नोभेम्बरमा गरेको अध्ययन अनुसार एलपी ग्यासभन्दा विद्युतीय चुलोबाट खाना पकाउँदा ४२ प्रतिशत सस्तो र ३२ प्रतिशत छिटो हुने देखिएको छ। ग्यासमा हाल सरकारले प्रतिसिलिण्डर २ सय ९१ रुपैयाँ अनुदान दिने गरेको छ। ग्यास, डिजेल र पेट्रोल आयात गरि ऊर्जा उत्पादन गर्नुभन्दा अपुग विद्युत् सिधै आयात गरेर प्रयोग गरे पनि पेट्रोलियम ऊर्जाको तुलनामा सस्तो र सबैको पहुँचमा पुग्ने ऊर्जा विज्ञ डा. नकर्मीको भनाई छ।

८ हजार रुपैयाँसम्ममा विद्युतीय चुलो प्रणाली जोड्न सकिने

बजारमा ४ हजारदेखि ६ हजार रुपैयाँसम्म पर्ने एकमुखे इन्डक्सन चुलो पाइन्छन्। यस्तो चुलो ८२ प्रतिशतभन्दा बढी इफिसेन्सी भएको चुलो मात्र प्रयोग गर्न उपयुक्त हुने सामुदायिक विद्युत् उपभोक्ता महासंघका अध्यक्ष नारायण ज्ञवाली बताउँछन्। हाल वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले चुलोमा

शतप्रतिशत अनुदान दिने व्यवस्था गर्न लागेको छ। तर, यसका लागि आवश्यक भाँडा खरिद स्वयं उपभोक्ताले गर्नुपर्ने र ७–२२ को तार प्रयोग गरी १५ एम्पियरसम्म विद्युत् प्रवाह गर्न सक्ने हाउस वायरिङ गर्न विद्युत् प्राधिकरणले सघाउनु पर्ने नीति सरकारको छ।

विद्युत् महसुल कम गर्ने प्राधिकरणको प्रस्ताव

प्राधिकरणले बढी विद्युत् उपभोग गर्ने उपभोक्तालाई कम शुल्क लिने नयाँ प्रस्ताव विद्युत् नियमन आयोगमा पठाएको छ। विद्युत्को आन्तरिक खपत बढाउन मन्त्री पुनको प्रस्तावमा प्राधिकरणले यस्तो व्यवस्था गर्ने गरी आयोगमा प्रस्ताव पठाएको थियो। प्रधिकरणमा १० युनिटसम्म प्रयोग गर्ने ग्राहक ७ लाख र ११ देखि २० युनिटभन्दा प्रयोग गर्नेको संख्या १७ लाख छ। १० युनिटसम्म प्रयोग गर्नेलाई सबैभन्दा सस्तो महसुल लिने प्रस्ताव गरिएको छ।

ग्यास विस्थापित हुने समयसम्म आफ्नै विद्युत्ले पुग्छ : कुलमान घिसिङ
कार्यकारी निर्देशक
नेपाल विद्युत् प्राधिकरण

विद्युतीय चुलो (इन्डक्सन) प्रयोग गर्ने भन्नासाथ अहिले नै सिलिन्डर ग्यास विस्थापित भइहाल्ने होइन। यसका लागि केही समय लाग्छ। अहिलेबाट हामीले इन्डक्सन प्रयोगको अभ्यास गर्‍यौँ भने सिलिन्डर ग्यास विस्थापित हुने समयसम्म निर्माणाधीन जलविद्युत् आयोजना पनि सम्पन्न हुन्छन्। तिनीहरू सञ्चालनमा आएपछि पूर्ण रूपमा सिलिन्डर विस्थापन गर्न सकिन्छ। अहिले विद्युत् प्रसार, वितरण तथा आपूर्ति प्रणालीमा पनि हामीले सुधार ल्याएका छौँ। त्यतिवेलासम्म आम उपभोक्ताले आफ्नो घरको हाउस वाइरिङलाई पनि स्तरोन्नति गरी इन्डक्सन चुलो चलाउन मिल्ने बनाउन सक्नुहुनेछ। अर्को कुरा विद्युतीय चुलो आपूर्तिका लागि वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रले सरकारी अनुदानमा चुलो वितरण गर्ने तयारी गरिरहेको छ। तर, यतिले मात्रै पुग्दैन। सबैलाई विद्युतीय चुलो उपलब्ध गराउन बोलपत्रमार्फत प्रतिस्पर्धात्मक मूल्यमा चुलो खरिद गरी वितरण गर्नु बढी उपयोगी हुन्छ।

श्रोत : कान्तिपुर, २०७६/१२/०७

## दुई उद्योगको विद्युत् नकाट्ने निर्णय

काठमाडौं — डेडिकेटेड र ट्रंक लाइनको महसुल विवादमा परेका उद्योगहरूको विद्युत् तत्काल नकाट्न तीन मन्त्रीस्तरीय समन्वय समितिले निर्देशन दिएको छ। डेडिकेटेड र ट्रंक लाइनको अतिरिक्त विद्युत् महसुल नतिरेको भन्दै विद्युत् प्राधिकरणले विराटनगरका दुई उद्योगको विद्युत् बुधबार काटिदिएको छ।

सेवा बन्द गरेको दिन बुधबार नै तीन मन्त्रीस्तरीय समन्वय समितिले तत्काल उद्योगको लाइन नकाट्न प्राधिकरणलाई निर्देशन दिएको हो।

विद्युत् महसुल नतिरेको भन्दै प्राधिकरण विराटनगर वितरण केन्द्रले रघुपति जुट मिल र रिलायन्स स्पिनिङ मिलको लाइन काटेको थियो। त्यसलगत्तै ऊर्जामन्त्री वर्षमान पुन, अर्थमन्त्री युवराज खतिवडा र उद्योगमन्त्री लेखराज भट्टको बैठकले तत्काल उद्योगको लाइन नकाट्न प्राधिकरणलाई निर्देशन दिएको हो। मन्त्रिपरिषद्ले तीनै मन्त्री रहने गरी ट्रंक र डेडिकेटेड लाइनबारे सुझावसहित सिफारिस गर्न समन्वय समिति गठन गरेको थियो।

पुस २१ मा बसेको मन्त्रिपरिषद् बैठकले ऊर्जा सचिव दिनेशकुमार घिमिरेको संयोजकत्वमा अध्ययन कार्यदल पनि गठन गरेको थियो। ट्रंक र डेडिकेटेड लाइनको महसुल विषयमा सार्वजनिक लेखा समितिको उपसमितिले चासो राखेकाले यसबारे थप अध्ययन गर्ने समन्वय समितिले निर्णय गरेको हो।

'कोभिड १९ का कारण उद्योग व्यवसायमा समेत प्रतिकूल असर पर्न सक्ने देखिएकाले भइरहेको विद्युत् सेवा कटौती नगर्ने र कटौती गरिएका दुई उद्योगको पनि तत्काल विद्युत् सेवा पुनः सुचारु गर्नका लागि नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने,' तीन मन्त्री सम्मिलित समन्वय समिति बैठकको निर्णयमा भनिएको छ। महसुलका विषयमा समितिले अध्ययन गरिरहेको, मुद्दा अदालतमा विचाराधीन रहेको, कानुनी जटिलता बाँकी रहेको र अध्ययन पनि भइरहेकाले तत्कालका लागि विद्युत् सेवा पुनः सुरु राख्ने निर्णय गरिएको बैठकमा सहभागी एक अधिकारीले जानकारी दिए।

प्राधिकरणले बुधबार विराटनगरका दुई उद्योगको लाइन काटिदिएपछि निजी क्षेत्रका प्रतिनिधिले बुधबारै उद्योगमन्त्री भट्टलाई भेटेर समस्या समाधानका लागि आग्रह गरेका थिए। नेपाल उद्योग परिसंघका अध्यक्ष सतिशकुमार मोरले उद्योगमन्त्री भट्टलाई आफूहरूले समस्याबारे अवगत

गराएको जानकारी दिए। लोडसेडिङका बेला उद्योगलाई निरन्तर विद्युत् उपलब्ध हुने गरी प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको व्यवस्था गरेको थिथयो।

तर पनि यसको महसुलका विषयमा विवाद जारी छ। विशेष सुविधामार्फत विद्युत् लिएका उद्योगले साधारण महसुल मात्रै तिरेको जानकारीपछि गत वर्ष प्राधिकरणले सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा अध्ययन समिति गठन गरेको थियो।

पुन संयोजकत्वको समितिले उद्योगहरूबाट डेडिकेटेड र ट्रंक लाइनको महसुलबापत एक अर्बभन्दा बढी रकम उठ्न बाँकी रहेको प्रतिवेदन प्राधिकरण सञ्चालक समितिलाई बुझाएको थियो। सोही प्रतिवेदनका आधारमा उद्योगीहरूलाई प्राधिकरणले छुट बिल भन्दै बक्यौता बुझाउन पत्र पठाएको थियो। उद्योगीले भने डेडिकेटेड र ट्रंक लाइनको परिभाषाभित्र आफू नपर्नेहरू र आफ्नो उद्योगले यस्तो सुविधाका लागि प्राधिकरणलाई निवेदन नै नदिएको भन्दै नतिर्ने बताउँदै आएका छन्।

प्राधिकरणको महसुल विनियमावलीमा दैनिक ६ घण्टा वा सोभन्दा बढी लोडसेडिङ भएको अवस्थामा दैनिक २० घण्टा बढी विद्युत् उपभोग गरे डेडिकेटेड हुने भनी परिभाषित गरिएको छ।